# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३ ] काठमाडौं, चैत्र १८ गते २०२० साल [ अतिरिक्ताङ्क ३० (क)

श्री ५ को सरकार

## निर्माण संचार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको हुलाक नियमावली २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

## हुलाक नियमावली

हुलाक ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमावली बनाएको छ:–

### परिच्छेद– १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यो नियमावलीको नाम "हुलाक नियमावली, २०२०" रहेको छ।

(२) यो नियमावलीको परिच्छेद ५ श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिएको मितिदेखि र अरू परिच्छेदहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा:– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमहरूमा:–

(क) "ऐन" भन्नाले हुलाक ऐन, २०१९ सम्झनु पर्छ,

(ख) "विभाग" भन्नाले श्री ५ को सरकारको हुलाक सेवा विभाग सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद –२

### हुलाक वस्तुहरू हुलाकद्वारा पठाउँदा पालन गर्नु पर्ने मुख्य शर्तहरू

३. चिट्ठीः– चिट्ठीको लम्बाइ, चौडाइ र मोटाइ जम्मा ३५" भन्दा बढी र लम्बाइ चौडाइ जम्मा ४"×३" भन्दा कम हुनु हुँदैन र साथै चिट्ठीको कुनै किनारा २४" भन्दा बढी हुनु हुँदैन। बेरेर गोल पारेमा लम्बाइ र दुई गुणा व्यास (डायमिटर) जोड्दा ३९" भन्दा बढी हुनु हुँदैन। यसको एक पट्टिको किनारा मात्र ३१½" भन्दा कम हुनु पर्छ। चिट्ठी १७२ तोलाभन्दा बढी हुनु हुँदैन। चिट्ठीको अगाडिपट्टि हुलाक टिकट, ठेगाना, लेबिल (हुलाक अड्डाले टांस्नु पर्ने) को निमित्त पर्याप्त ठाउँ हुनुपर्छ।

४. चिट्ठीभित्र रहेको वस्तु सावधानी तथा होशियारी साथ लैजानु पर्ने भएमा बलियोः– काठको वा कार्डबोर्डको बाकसमा राम्रोसंग बन्द गरी रातो अक्षरले "सावधानी" भन्ने लेखेर मात्र हुलाकमा दाखिल गर्नुपर्छ।

५. हुलाक पत्रः– हुलाकपत्र एकोहोरो र जवाफी दुई किसिमको हुने छ। निजी व्यवसायी-हरूले हुलाक सेवाबाट प्रचलनमा ल्याएको हुलाकपत्र अनुरूप आफ्नो हुलाकपत्र प्रयोग गर्न देहायका कुराको पालन गर्नु पर्छ :–

(क) हुलाकपत्र दरो, बलियो कागजको हुनुपर्छ जसको लम्बाइ र चौडाइ बढीमा ६"×४" र घटीमा ४"×३" हुनु पर्छ'

(ख) हुलाक महसूलको निमित्त दाहिने टिकट ठेगाना लेख्नेपट्टिको माथि दाहिने भागमा टांस्नु पर्छ,

(ग) हुलाकपत्र कुनै किसिमको खोलमा खाम्ने, दोब्र्याउने, काट्ने वा कुनै अदल बदल गर्न हुँदैन,

(घ) हुलाकपत्रको अगाडि शिरको दाहिने भागमा ठेगानावालाको ठेगाना टिकट वा फ्रेन्किङ मेशिनको छाप राख्नु पर्छ र अगाडिको देब्रे भागमा र पछाडितिर आवश्यक कुरा लेख्न सकिने छ,

(ङ) हुलाक पत्रमा हुलाक महसूलको निमित्त लाग्ने टिकट ठेगानावालाको र प्रेषकको नाम र ठेगानाको अतिरिक्त कुनै लेबुल हुलाकपत्रको आकृति नबिग्रने गरी टांस्न सकिने छ। तर ठेगानावालाको नाम र ठेगाना सम्बन्धी लेबुल हुलाकपत्रको अगाडिको भागको दांयापट्टिभन्दा बाहेक अन्य ठाउँमा टांस्नु हुँदैन,

(च) हुलाकपत्रमा व्यापारिक वस्तुको नमूना वा यस्तै किसिमको अन्य वस्तुहरू टांस्नु हुँदैन। तर तस्वीर, कुनै किसिमको टिकट र प्रेषकको नाम र ठेगाना लेखी टांसिएको पातलो लेबुल हुलाकपत्रको आकृति नबिग्रने गरी हुलाक-पत्रको पछाडि र बांयातिरको भागमा मात्र टांस्न सकिने छ,

१२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) लाग्नुपर्ने हुलाक महसूलको टिकट नटांसिएको हुलाकपत्रजति सडाउन फिर्ता चिट्ठीफांटमा पठाइने छ,

(ज) टिकट नटांसिएको बाहेक उपर्युक्त नियमहरूको रीत नपुगेको हुलाकपत्रलाई चिट्ठी मानिने छ।

६. जवाफी हुलाकपत्रः— एकोहोरो हुलाकपत्रको साथ पठाइने हुलाकपत्रलाई जवाफी हुलाकपत्र मानिने छ। एकोहोरो हुलाकपत्रमा लेखिएको शर्तहरूको अतिरिक्त देहायको व्यहोरा निजी व्यवसायीले पालन गरेमा यस्तो जवाफी हुलाकपत्रलाई हुलाकद्वारा चलान गरिने छ।

(१) जवाफी हुलाकपत्रको ठेगाना लेख्ने भागमा "जवाफी हुलाकपत्र" भन्ने, देवनागरी लिपिमा र अंग्रेजीमा लेखिएको हुनु पर्छ। दुवै हुलाकपत्र एक अर्कोमाथि पर्ने गरी दोब्रयाएको हुनुपर्दछ। कुनै हालतमा पनि दुवै हुलाकपत्रलाई बन्द गरेको हुनु हुँदैन।

(२) जवाफी हुलाकपत्रमा प्रेषकको ठेगाना लेखिएको भागभित्र पारी दोब्रयाउनुपर्छ।

(३) प्रेषकले जवाफी आधाको सामुन्ने भागमा आफ्नो नाम र ठेगाना लेख्न सक्ने छ।

(४) जवाफी हुलाकपत्रलाई प्रेषकले रजिष्ट्री गरी पठाउन सक्ने छैन।

(५) जवाफी हुलाकपत्रमा जुन देशको टिकट टांसिएको छ सो देशमा बाहेक यी पत्रलाई अन्य देशमा फिर्ता पठाउन सकिने छैन। जवाफी हुलाकपत्रमा एक देशको टिकट टांसी अन्य देशमा पठाउने ठेगाना लेखिएको प्राप्त भएमा फिर्ता चिट्ठीफांटमा सडाउन पठाइने छ।

७. हवाइ पत्रः— (क) हवाइपत्र राम्रोसंग दोब्रयाइ टांसी बन्द गरिने कागज हो, जुन दोब्रयाउँदा हुलाकपत्रको आकारको भन्दा बढी हुनु हुँदैन। हवाइपत्र दोब्रयाउँदा अगाडिको भागको देब्रे पट्टि "नेपाल" र "हवाइ पत्र" भन्ने लेखिएको हुनु पर्छ र "हवाइ पत्र" भन्ने अक्षर मुनि धर्सो तानी कच गरेको हुनु पर्छ,

(ख) दांयापट्टि टिकट टांसिएको हुनु पर्छ र त्यस मुनि ठेगानावालाको नाम र पूरा ठेगाना लेखिएको हुनु पर्छ। र हवाइपत्रको पछाडिपट्टि प्रेषकको नाम र ठेगाना लेख्न सकिने छ,

(ग) हवाइपत्रभित्र कुनै चीज खाम्न वा राख्न वा टिकट बाहेक अन्य चीज टांस्न हुँदैन,

(घ) विभागले प्रचलनमा ल्याएको हवाइपत्रजस्तै तयार गरी निजी व्यवसायीहरूले हवाइपत्रको उपयोग गर्न सक्ने छन्,

(23) आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) निजी व्यवसायीहरूले प्रचलनमा ल्याएको हवाइपत्रको "रङ्ग" नीलो हुनु पर्दछ ।

(च) हवाइपत्रको लागि लाग्ने महसूल टिकटद्वारा अग्रीम भुक्तानी हुनुपर्नेछ,

(छ) उपर्युक्त बमोजिम नभएको हवाइपत्रलाई चिट्ठीको मान्यता दी, सोही बमोजिम नपुग महसूलको दोब्बर डिलेभरी गर्दा असूल गरिने छ ।

८. विशेष डांक (एक्सप्रेस डेलिभरी):– रजिष्ट्री नभएका हुलाक वस्तुलाई कुनै हुलाकबाट बढीमा २ दुई मीलको फासलासम्मको क्षेत्रमा विशेष डांकद्वारा चलान गरिने व्यवस्था गरिने छ। विशेष डांकको निमित्त विशेष दस्तूर र प्रत्येक हुलाक वस्तुको निमित्त ।१० पैसाको थप टिकट टांसी चुक्ता गर्नुपर्नेछ। हुलाक वस्तुको अगाडिको भागको दाहिने कुनामा विशेष डांक भन्ने लेखिएको हुनुपर्दछ । विशेष डांकद्वारा चलान गर्न सक्ने हुलाक वस्तुको किसिम र विशेष डांक चलान र डेलिभरी गर्न सक्ने हुलाकको नाम र यस सम्बन्धी अन्य विषयहरू डाइरेक्टरले तोकी नेपाल गजेटमा प्रकाशित गरिए बमोजिम हुनेछ ।

९. व्यापारिक जवाफी खाम र हुलाकपत्र:– "व्यापारिक जवाफी हुलाक पत्र" र "व्यापारिक जवाफी खाम" को हुलाक महसूलको अग्रीम चुक्ती नभएको भए तापनि असूल गर्नुपर्ने रकम डिलेभरी गर्दा ठेगानावालाबाट नगदमा असूल गरिने छ। यस सेवाको उपयोग गर्न चाहने दरखास्तवालाले सम्बन्धित हुलाक नियन्त्रण अफिसबाट प्रत्येक आर्थिक वर्षको रू. १२। बाह्र तिरी अनुमतिपत्र लिनुपर्दछ । कस्तो व्यापारीलाई यस किसिमको हुलाक सहुलियत दिने हो भन्ने कुरा र यस्तो सहुलियत पाउने व्यापारीले यस सेवाको उपयोग गर्नुभन्दा अगाडि पालन गर्नुपर्ने शर्त, बन्देज तथा तरीका डाइरेक्टरले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

१०. छापा कागज पत्रहरू:–

(क) "छापा कागज पत्र" भन्नाले छापिएको, इन्ग्रेभ गरिएको, लिथो गरिएको, मिमियोग्राफ गरिएको, वा फोटो खिचिएको सबै प्रकारका समाचार पत्रपत्रिका, किताब पर्चा, संगीतको सीट, भेट्ने कार्ड, ठेगाना कार्ड, छपाइको प्रुफ, इन्ग्रेभिङ फोटो र फोटो भएका अलबम र सूचनाहरूलाई र छपाइ, इन्ग्रेभिङ, लिथो, मिमियोग्राफी, फोटोग्राफी र तुरुन्तै चिन्न सकिने अरू कुनै यान्त्रिक प्रक्रियाद्वारा सामान्यतया कागजपत्र, वा कार्डबोर्ड वा यस्तो अरू कुनै वस्तुमा बनाइएको लिखत वा उतारिएको प्रतिलिपिलाई सम्झनु पर्छ। तर ट्रेसिङ्गद्वारा, वा चल वा अचल टाइप भएको छापद्वारा वा टाइपराइटरद्वारा उतारिएको प्रतिलिपिलाई छापा कागजपत्र मानिने छैन ,

८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै हस्तलिखित वा टाइप गरिएको मूल प्रतिलिपिको धेरै गराउने यान्त्रिक प्रक्रियाबाट निकालिएका प्रतिहरू छापा कागजपत्रको रूपमा हुलाकबाट चलान हुन सक्छन् तर यस्तो प्रति २० प्रतिभन्दा बढी भए मात्र यस श्रेणीमा मान्यता हुन सक्ने छ,

(ग) व्यक्तिगत लेखापढी भएको चिट्ठी, हुलाकपत्र, फिल्म, ग्रामोफोन, डिस्क र स्वचालित संगीत यन्त्रको निमित्त प्वाल पारिएको कागज, टिकट, सटहीको मूल्य भएको कुनै छापिएको कागज, खाली कागज, खाम र अरू सबै स्टेशनरी वस्तुहरू छापा कागजपत्रको दरमा चल्न सक्ने छैनन्,

(घ) छापा कागजपत्रको प्याकेटको साइज लम्बाइ चौडाइ र मोटाइ जोड्दा ३५ इन्चभन्दा बढी हुनु हुँदैन । कुनै एकपट्टि २३ $\frac{१}{२}$ इन्चभन्दा कम हुनुपर्दछ । गोल गरी बेरिएको आकारको भए लम्बाई ३१" भन्दा नाघ्नु हुँदैन। तौलमा १७५ तोलाभन्दा घटी हुनुपर्छ,

(ङ) छापा कागजपत्रहरू हुलाक दाखिल गर्दा जांच्न सजिलो हुने गरी बन्द गरेको हुनुपर्छ। पूरा बन्द नभएको खाममा वा खुला बट्टामा राखिएको, धागोले बांधिएको वा गोल गरी बेरिएकोमा दुवै छेउ खुला गरिएको वा अरू त्यस्तै किसिमबाट प्याक गरिएको हुनुपर्छ,

(च) चित्रमय कार्डमा र छापिएको भेट्ने कार्ड, दुर्गा पूजा, दीपावली, नववर्षारम्भ सम्बन्धी कार्डहरू र शुभेच्छा, बधाइ, धन्यवाद, समवेदना जनाउने शिष्टाचार सम्बन्धी कार्डहरूमा पठाउने तथा पाउनेको नाम र ठेगानामा लेखिनेभन्दा बाहेक ५ शब्दभन्दा बढ्ता लेख्न हुनेछैन।

(२) छापा कागजपत्रहरू उपर्युक्त उप–नियम (१) मा निर्धारित आकारभन्दा ठूलो भएमा वा अनियमित तरीकाले बन्द गरिएको भएमा प्रेषकलाई नै फिर्ता गरिने छ। यस्ता छापा कागजपत्रमा कम महसूलको टिकट टांसिएको भएमा, पुलिन्दा या छापा कागजपत्रको महसूलमा जुन घटी हुन्छ सोही बमोजिम बांकी दस्तूर डिलेभरी गर्दा असूल गरिने छ। पठाउनेले जो चाहिने कुराहरू पूरा गरी त्यस्तो वस्तु फेरि हुलाक दाखिला गर्न चाहेमा नयां वस्तुमा लाग्ने महसूल तिर्नुपर्छ।

११. <u>नमूना प्याकेट: (स्याम्पुल प्याकेट)</u>:–

(क) नमूना प्याकेटमा विश्वसनीय व्यापारिक नमूनाहरू हुनु पर्छ र त्यस्ता नमूनाको विक्री मूल्य हुनु हुँदैन। पठाउनेको र पाउनेको नाम ठेगाना, दर्जा, पेशा र चलानीको मिति, पठाउनेको सहिछाप टेलिफोन नम्बर, टेलिग्राफिक ठेगाना सम्बन्धित वस्तुको ट्रेडमार्क थान, संख्या, मूल्य नाप तौल उपलब्ध परिमाण र मूल्यबारेको मूल कुराहरू तथा चीजको प्रकृति र स्रोत जनाउने अरू आवश्यक कुराहरू प्याकेटको भित्रपट्टि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागु हुनेछ।

वा बाहिरपट्टि देखाउने बाहेक अन्य कुराहरू लेखिएको हुनु हुंदैन,

(ख) नमूनाहरू कुनै थैली, बट्टा, बाकस वा खाममा राख्न सकिने छ तर तुरुन्त खोली वा उधारी भित्रको चीज जांच्न सकिने गरी राखिएको हुनु पर्छ। एउटा मात्र सिङ्गो काठ वा धातुको टुक्रालाई प्याक बन्दी गर्न अनिवार्य छैन। तर त्यस्तो हुलाक वस्तुमा ठेगाना र टिकटको निमित्त एउटा लेबुल टांसिएको हुनुपर्छ,

(ग) चर्कने वा फुट्न सक्ने नमूनाका वस्तुहरूलाई पनि बाटामा हुलाकको कर्मचारीलाई वा डांकलाई नोक्सान नहुने गरी सुरक्षित ढङ्गबाट धातुको, काठको वा बलियो कार्डबोर्डको बट्टा वा बाकसमा सुरक्षित ढङ्गसंग प्याक गरी नमूना प्याकेटमा पठाउन सकिने छ,

(घ) तरल पदार्थ, तेलहरू र सजिलैसंग पग्लने चीजहरू राम्रोसंग बन्द गरिएको बट्टामा राख्नुपर्छ र यस्तो बट्टालाई धातुको वा बलियो काठको अथवा बलियो कार्डबोर्डको बाकसमा राखी कपास, काठको धूलो वा तरल पदार्थ सोस्न सक्ने वस्तु बाकसको वरिपरि प्रशस्त मात्रामा राख्नु पर्छ,

(ङ) सजिलैसंग पग्लने नरम र चिल्ला पदार्थहरू जस्तै मलहम, नरम साबुन, रेसिङ्ग र रेशमी कीरा इत्यादिलाई एउटा भित्री बाकस वा थैलीमा हालेर मात्र बाहिरी काठ, धातु वा बलियो मोटो छालाको बाकसमा राखिनु पर्छ।

(च) रङ्गको धूलो बलियो टिनको बट्टामा काठको बाकसभित्र काठको धूलोसहित दोहोरा कभरभित्र राखिनु पर्छ। यस्तो धूलो टिनको बट्टा र धातु, काठ वा कार्डबोर्डको बाकसको बीचमा राखिनु पर्छ। यसरी बनाएको बाकस कपडाको थैलीमा राखी बन्द गर्नुपर्छ,

(छ) सजीव माहुरी सबै खतराहरूको बचाउ हुने गरी बनाइएको बाकसमा राखिनु पर्छ तर सो वस्तु जांच्न सकिने गरी राख्नुपर्नेछ,

(ज) सामान्य तरीकाबाट प्याक गरेमा नष्ट हुने चीजहरूलाई बलियो र सुरक्षित तवरले बन्द गरिएमा मात्र स्वीकृत गरिने छ। औद्योगिक तथा वनस्पतिक वस्तुको नमूनाहरू पनि शुरू देशको जांच गर्ने अधिकारीद्वारा सिलबन्दी गरिएको वा कारखानाद्वारा बन्द गरिएको कभर बन्द गरिएमा मात्र स्वीकृत गरिने छ। यस्तो खण्डमा पठाउने वा पाउनेले प्याकेटको केही अंश खोलेर वा अरू कुनै सन्तुष्ट तरीकाले भित्रको चीज जांच गर्ने काममा मद्दत गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) व्यापारिक उद्देश्य नभएको, छापा, ब्लक काटेको नमूना, प्रकृति सम्बन्धी ऐतिहासिक महत्वका चीजबीज मुताविक नमूना र यस्तै किसिमको अरू वस्तु नमूनाप्याकेटको दरमा चलाउन सकिने छ। यी सबै चीजको प्याकबन्दी राम्रोसंग गरिएको हुनुपर्छ,

(ञ) नमूनाप्याकेटको साइजको लम्बाइ, चौडाइ र मोटाइसमेत जम्मा ३५ इञ्चभन्दा बढी हुनु हुँदैन। यसको जम्मा तौल १५० तोलाभन्दा कम हुनुपर्दछ ,

(ट) नमूना प्याकेटमा लाग्ने हुलाक महसूल टिकट टांसी अग्रीम भुक्तानी गर्नुपर्ने छ । लाग्ने महसूल नतिरिएको व्यक्तिगत किसिमको लेखापढी भएको कुनै चिट्ठी टिप्पणी वा लिखत खामिएको यो नियम अनुसार प्याक नभएको वा हुलाक टिकट वा अरू रुपैयांसा सहटी हुने कागज खामिएको वा नाप तौलको हद नाघेको वा कुनै बिक्री गरिने योग्य वस्तु भएमा पठाउनेकहां नै फिर्ता गरिने छ। पठाउनेले जो चाहिने कुराहरू पूरा गरी फेरि हुलाक दाखिल गरेमा नयां वस्तुमा लाग्ने महसूल तिर्नुपर्नेछ ।

१२. व्यापारिक कागजपत्र:– (१) तत्कालीन व्यक्तिगत लेखापढीको किसिमका नभएमा देहायका चीजहरू व्यापारिक कागजपत्र मानिने छन्:–

शुरूको काम लिइसकेपछि बांकी पुराना भएका लिखत, कागजपत्र जस्तै खुला चिट्ठी तथा हुलाकपत्र, वा त्यसको प्रतिलिपि, कानूनी कारवाइका तथा यस सम्बन्धी खिलत, कागजपत्र, बिल्टी, मूल्य सूची, बिमा कम्पनीको लिखत, हस्त लिखत संगीत सिट , कुनै रचना या समाचार पत्र-पत्रिकाको निमित्त छुट्टै पठाइएको हस्तलेख, मूल रूपमा वा सच्याइएको विद्यार्थीको अभ्यास पाठहरू ,

तर, पाठशालाका विद्यार्थीहरूको बीच आदान प्रदान भएका लेखापढीका चीज तत्कालीन व्यक्तिगत लेखापढी किसिमका भए पनि व्यापारिक कागजपत्र मानिने छन् तर त्यस्ता चीज पाठशालाका मुख्य अधिकारीको माध्यमबाट हुलाक दाखिला हुनु पर्छ ।

(२) उपर्युक्त लिखतको साथमा सो साथ रहेको कागजपत्रको पञ्जिका, पाउने र पठाउनेको बीच आदानप्रदान भएको लेखापढीको संकेतसमेत त्यस्तै अरू विवरण खोलिएको सूची रहन सक्छ ।

स्पष्टीकरण:– यस नियममा "पुरानो लेखापढी" भन्नाले हुलाकको छापद्वारा रद्दी गरिसकेको हुलाक टिकटहरू भएको लेखापढी सम्झनु पर्छ ।

(३) व्यापारिक कागजपत्रहरूको प्याकेटको नाप लम्बाइ, चौडाइ र मोटाई गरी जम्मा ३५ इञ्चभन्दा बढी हुनु हुँदैन र कुनै एक पट्टि २३ इञ्च नाघ्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुँदैन । यस्तो प्याकेटको तौल १७५ तोलाभन्दा बढी हुनु हुँदैन । व्यापारिक कागज–पत्रको प्याकेट बेरिएको गोल आकारको भए ३९ इञ्च र व्यासको डबल र कुनै एकापट्टिको छेउ गरी ३२ इञ्च नाघ्न हुँदैन ।

(४) व्यापारिक कागजपत्र हुलाकद्वारा चलान गर्दा चाहिने महसूल अग्रीम चुक्ति गर्नुपर्छ ।

(५) लाग्ने हुलाक महसूल नतिरिएको वा भित्र खामिएको लिखत व्यक्तिगत लेखापढीको वा सो काम लिने किसिमको भएको वा भित्रको चीज सजिलोसंग जांच्न नहुने गरी बनाइएको, वा हुलाक टिकट अथवा रुपैयां सटही हुने मूल्यका कागजपत्र राखिएको, वा नाप र तौल नाघेको व्यापारिक कागजपत्रका प्याकेटहरू अगाडि चलान गरिने छैन । र प्रेषककहां नै फिर्ता गरिने छ । त्यस्तो फिर्ता गरिने वस्तुमा कुनै कारणले आन्तरिक हुलाकको नियम बमोजिम लाग्ने हुलाक टिकट कम गरी टांसिएका वा टिकट नटांसिएको भएमा कमीको दुईगुणा महसूल प्रेषकबाट असूल गरिने छ । पठाउनेले उक्त वस्तुमा जो चाहिने कुरा पूरा गरी पुनः हुलाक दाखिल गर्न चाहेमा नयां वस्तु सरह नै हुलाक महसूल तिर्नुपर्छ ।

३. अन्धा साहित्य प्याकेट:–

(क) "ब्रेल" मा वा अन्धाहरूको प्रयोगको निमित्त खास किसिमबाट मुद्रित कुनै कागज, समाचार पत्र–पत्रिका, पुस्तक र साउण्ड रिकर्ड, लेख वा अक्षर पठाउने प्लेट अन्धा साहित्यमा लिइन्छन्,

(ख) उक्त वस्तुहरू श्री ५ को सरकारद्वारा मान्यता प्राप्त कुनै शिक्षण संस्थाको नाममा पठाइएको वा सोद्वारा पठाइएको हुनुपर्नेछ । यस्तो वस्तुको प्याकेटमा यसै नियमका खण्ड (क) मा उल्लिखित खास गरी अन्धाहरूको उपयोगको लागि नै मुद्रित भएका चीजहरू हुनु पर्छ र लिखितमा वा छपाइमा सो वस्तु सम्बन्धी नाम, सूची र त्यसको प्रयोग सम्बन्धी निर्देश बाहेक अरू खबरको आदानप्रदान रहेको हुनु हुँदैन ।

(ग) सो वस्तुको बाहिर वा कभरको बाहिरपट्टि "अन्धा साहित्य" भन्ने लेखिएको र पठाउनेको नाम र ठेगाना हुनु अनिवार्य छ,

(घ) कभर भए दुवै छेउ खुला भएको र नभए पनि सजिलोसंग जांच्न हुने गरी हुलाक दाखिल गरेको हुनु पर्छ ।

(ङ) यस्तो वस्तुको तौल ४०० तोलाभन्दा बढी हुनु हुँदैन । यस्तो वस्तुको लम्बाइ २४ इञ्च, चौडाइ १२ इञ्च र मोटाई १२ इञ्चभन्दा कम हुनुपर्छ,

(च) अन्धा साहित्य प्याकेट उपर्युक्त नियम अनुसार नभएमा अगाडि चलान गरिने छैन र प्रेषककहां नै फिर्ता पठाइने छ । हुलाक महसूल पर्याप्त

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभएमा आन्तरिक हुलाक महसूलको हिसाबले कमीको दुईगुणा महसूल प्रेषकबाट असूल गरिने छ। प्रेषकले जो चाहिने कुराहरू पूरा गरी पुनः हुलाक दाखिल गर्न चाहेमा नयां वस्तुमा लाग्ने महसूल तिर्नुपर्नेछ,

१४. दर्ता भएका समाचार पत्र–पत्रिका:– (१) ऐनको दफा १४ मा समाचार पत्र-पत्रिकाको परिभाषा गरिए बमोजिमको वस्तु निम्न व्यहोरा पूरा गरी ल्याइएमा सहुलियत दरमा हुलाकद्वारा चलान गर्न सकिने छ:–

(क) समाचार पत्र–पत्रिका सम्बन्धित हुलाक नियन्त्रण अफिसमा रू. १। एक तिरी हुलाक सेवा विभागद्वारा निर्धारित गरिएको फाराम भरी दर्ता गर्नुपर्छ। यसरी दर्ता गरिएर दिएको नम्बर समाचार पत्र–पत्रिकाको प्रथम पेज वा अन्तिम पेजको देखिने ठाउँमा अंकित गरेको हुनुपर्छ र रैपरमा रजिष्ट्री दर्ता नम्बर केही लेख्न हुनेछैन,

(ख) हुलाक नियन्त्रण अफिसमा दर्ताको निमित्त दरखास्त गरिंदा समाचार पत्र–पत्रिकाको सम्बन्धित जिल्ला वा अञ्चलको बडाहाकिम, मेजिष्ट्रेट वा अञ्चलाधीश अफिसबाट लिएको रजिष्ट्रीको निस्साको सक्कल सर्टिफिकेट र ३० जना वास्तविक ग्राहकको नाम र २ प्रति समाचार पत्र-पत्रिकासहित पेश गर्नुपर्छ,

(ग) समाचार पत्र–पत्रिकाको प्रतिहरू वा बिटा (बण्डल) दुवै छेउ खुला रहने गरी रैपरसहित वा रहित हुलाक दाखिल गर्न सकिने छ। दोब्र्याउँदा हुलाक नियन्त्रण अफिसबाट प्राप्त रजिष्टर्ड नम्बर बाहिरबाट प्रष्ट देखिने हुनु पर्छ,

(घ) समाचार पत्र–पत्रिका दर्ता गर्दा हुलाक नियन्त्रकद्वारा तोकिएको दिन वा हप्तामा तोकिएको समयमा तोकिएको हुलाकमा दाखिल गर्नुपर्ने भन्ने निर्देश गरे बमोजिम हुलाक दाखिल गर्नुपर्छ।

(ङ) समाचार पत्र–पत्रिकामा लाग्ने महसूलको अग्रीम भुक्तानी टिकट टांसी गर्नुपर्नेछ,

(च) समाचार पत्र–पत्रिकाको कभरमा ठेगानावालाको नाम तथा ठेगाना एक प्रतिभन्दा बढी पठाइने प्याकेटमा प्याकेटभित्र रहेको प्रतिको संख्या, समाचार पत्र–पत्रिकाको नाम तथा ठेगाना, चन्दादाताको संख्या, जनाउन लेखिएभन्दा बाहेक अन्य कुनै किसिमको चिह्न वा कुनै किसिमको कुरा पनि लेख्न हुंदैन,

(छ) ऐनको दफा १४ मा उल्लेख भएको अतिरिक्ताङ्क भन्दा बाहेक अन्य कुनै किसिमको कागज वा वस्तु समाचार पत्र–पत्रिकाको भित्र राख्नु हुँदैन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) समाचार पत्र–पत्रिकाको दर्ता हरेक आर्थिक वर्षको आखिरी दिनसम्म मात्रै प्रभावकारी हुनेछ। रजिष्ट्रेशन नवीकरण गर्नको निमित्त सम्बन्धित हुलाक नियन्त्रण अफिसमा निवेदनपत्र जेष्ठ मसान्तसम्म पुग्नु पर्छ। सो म्यादभित्र नवीकरणको निवेदन गरेकोमा कुनै दस्तूर लाग्ने छैन। आषाढ १ गतेदेखि ऐ मसान्ततक प्राप्त प्रत्येक निवेदनपत्रमा रू. ५। ढिला दस्तूर असूल गरी रजिष्ट्रेशन नवीकरण गरिने छ। यसपछि नवीकरणको लागि प्राप्त कुनै निवेदनमा नवीकरण दस्तूर रू. ७। लाग्ने छ। नवीकरण नभएका छापा कागजपत्रलाई सहुलियत दरमा हुलाकद्वारा चलान गर्न सकिने छैन।

(२) ऐनको दफा १४ मा लेखिएका शर्तहरू पालन नगरिएमा वा यसै नियममा उल्लेख भएका शर्तहरू पालन नगर्ने समाचार पत्र–पत्रिकालाई हुलाकद्वारा चलान गर्न यस नियमले कुनै बाधा पुऱ्याएको मानिने छैन। छापा कागजपत्रमा लाग्ने महसूल बमोजिमको हुलाक महसूलको अग्रीम भुक्तानी गरी हुलाकद्वारा पठाउन सकिने छ।

(३) दर्ता भएको कुनै समाचार पत्र–पत्रिकाको सम्बन्धमा ऐनको दफा १४ को उप–दफा (२) र (३) मा उल्लेख भएबमोजिम नभएको वा अञ्चलाधीश, मेजिष्ट्रेट वा बडाहाकिमबाट प्राप्त सर्टिफिकेट रद्द गरिएको वा फिर्ता लिइएको सूचना हुलाक नियन्त्रकलाई प्राप्त भएमा वा छापाखाना तथा रजिष्ट्रेशन सम्बन्धी ऐन अनुसार प्रकाशित हुन नसकेको भन्ने सम्बन्धित अधिकारीबाट कुनै सूचना प्राप्त भएमा त्यस्तो समाचार पत्र–पत्रिका सम्बन्धमा हुलाक नियन्त्रण अफिसमा दर्ता भएको रजिष्ट्रेशन तुरुन्त रद्द गर्न सकिने छ।

१५. नियम १४ पालन गरी दर्ता भएका समाचार पत्र-पत्रकाको एक प्रतिभन्दा बढी भएको प्याकेट निम्न बमोजिम शर्त पालन गरेमा सहुलियत दरमा हुलाकद्वारा चलान हुन सक्ने छ :–

(क) प्रत्येक प्याकेटमा उही मितिको उही रजिष्टरी नम्बर भएको समाचार पत्र-पत्रिका मात्र हुनु पर्छ,

(ख) छुट्टाछुट्टै दर्ता भएका समाचार पत्र-पत्रिकाको प्याकेटको सम्बन्धमा पनि नियम १४ को उप–नियम १ को खण्ड (घ) अनुसार हुनुपर्नेछ,

(ग) प्याकेटमा स्थानीय एजेण्टको नाम तथा ठेगाना मात्र लेखिएको हुनु पर्छ। यस्ता एजेण्टको नाम शुरू हुलाकमा पहिले नै प्रेषकले सूचित गर्नु पर्छ,

(घ) यस्तो प्याकेट स्थानीय एजेण्टको घरमा गै डिलेभरी गरिने छैन। यस्तो प्याकेट स्थानीय एजेण्ट वा निजबाट अधिकृत कुनै व्यक्तिलाई हुलाकमा नै डिलेभरी गरिने छ,

C70

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "हुलाक" मै डिलेभरी गर्ने भन्ने कुरा प्रेषकले प्याकेटमा जनाउनुपर्नेछ।

१६. <u>पुलिन्दाः</u>– (१) पुलिन्दामा ठेगानावालालाई चिट्ठीको अनुरूपको लिखत सन्देश वा व्यक्तिगत लेखापढीको जस्तो एकोहोरो लिखित कागज र सो पुलिन्दामा खामिने वस्तुहरूको सूचीहरू बाहेक अन्य कुनै किसिमको लेखापढी खामिएको हुनु हुँदैन।

(२) (क) उपर्युक्त उप–नियम (१) मा लेखिएको भन्दा बाहेक कुनै लिखत सन्देश कुनै पुलिन्दामा छ भन्ने शङ्का लागेमा यस्तो पुलिन्दा हुलाक अड्डामा ठेगानावालाको सामुन्ने खोल्दा उक्त उप–नियम (१) मा छूट दिइएको भन्दा बाहेक बढी कुनै लिखित सन्देश प्राप्त भएमा प्रत्येक यस्ता लिखित सन्देशको चिट्ठीमा लाग्ने महसूलको दोब्बर ठेगानावालाबाट असूल गरिने छ। पुलिन्दामा टाँसिएको हुलाक महसूल जेजतिसुकै भए तापनि यसरी असूल गरिने अङ्कमा गनिने छैन। ठेगानावालाले यस्तो पूरा दस्तूर तिर्न इन्कार गरेमा वा समयमा नतिरेमा यस्ता पुलिन्दा प्रेषककहाँ नै फिर्ता गरिने छ र असूल गर्नुपर्ने दस्तूर प्रेषकबाट असूल गरिने छ,

(ख) पुलिन्दाको लम्बाइ ३ फीट ६ इन्च र मोटाइ र लम्बाई मिलाउँदा ६ फीटभन्दा कम हुनुपर्दछ। यसको तौल बढीमा ४५० तोलासम्म हुन सक्ने छ। तर हवाई मार्गद्वारा जाने पुलिन्दाको विषयमा पुलिन्दाको लम्बाई २४ इञ्च र लम्बाई र मोटाई जम्मा गर्दा ४८ इञ्चभन्दा बढी हुनु हुँदैन। हवाई मार्गद्वारा जाने पुलिन्दा ६०० तोलासम्मको पठाउन सकिने छ,

(ग) कुनै पुलिन्दा पनि थैलामा राखी बोकी लैजानेलाई कुनै असुविधा तथा कठिनाई नहुने किसिमको आकारको हुनु पर्छ,

(घ) प्रत्येक पुलिन्दा प्रशस्त बलियो, बट्टा, रैपर वा खोलमा र पुलिन्दाभित्र रहेको कुनै चीज हराउने वा नोक्सान नहुने वा बाटोमा सजिलोसँग झिक्न नसकिने वा खस्न नसक्ने गरी बन्द गरिएको हुनु पर्दछ। यसरी बन्द गर्दा टिकट र लेबुल टाँस्न वा हुलाकबाट अन्य आवश्यक कुरा लेख्न सकिने पर्याप्त ठाउँ हुनु पर्छ,

(ङ) निम्न वस्तुहरू खामिएका पुलिन्दाहरू निम्न तरीकाले बन्द गरिनुपर्दछः–

(१) मूल्यवान धातुहरूः–यस्ता धातुहरू खामिएको पुलिन्दा बलियो धातुको बाकसमा कमसेकम $\frac{1}{3}$ इञ्च मोटाइ भएको काठको बाकस वा सिलाइ जोडनी, नभएको दोबरी थैलामा राखिएको हुनु पर्छ। काठको बाकस भएमा $\frac{1}{4}$ इञ्च बाक्लो र चारैतिर कुनामा धातुको काम परेको टुक्राले जोडिएको हुनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) तरल वा छिटै तरल हुने पदार्थः– यस्ता पदार्थ पुलिन्दामा पठाउँदा शीशी वा यस्तै किसिमको अन्य धातुको भांडोमा वा बाकसमा नचुहुने गरी बन्द गर्नुपर्छ । यसरी बन्द गरिएको वस्तु धातुको बाकस, कडा काठ वा विशेष बलियो कार्डबोर्ड ( करूगेटेड कार्डबोर्ड ) को बीचमा भूस वा काठको धूलो वा कुनै सोस्न सक्ने वस्तु राखी प्याकिङ्ग गरिएको हुनु पर्छ ।

(३) सुक्खा रङ्गिन पाउडरः– यस्तो वस्तु एउटा बलियो खोल वा बाकसमा राखिएको हुनु पर्छ । यसरी बन्द गर्दा काठको बाकस वा असल जातको बलियो कार्डबोर्ड ( करूगेटेड कार्डबोर्ड ) को बीच काठको धूलो वा भूस राखी बन्द गर्नुपर्छ ।

(४) छिटै बल्न सक्ने फिल्म जस्ता चीजहरूः– यस्ता वस्तुहरू राम्रोसंग बलियो काठको वा सोभन्दा बलियो वस्तुको बाकसमा बन्द गरिनु पर्छ । ठेगाना लेख्नेपट्टि सेतो लेबुलमा कालो अक्षरले "सावधानी" "बल्नसक्ने वस्तु" भन्ने लेखी टांस्नुपर्दछ ।

(५) बढ्ता बास्ना आउने वा गन्हाउने वस्तुः– यस्तो वस्तुलाई कतैबाट हावा छिर्न नसक्ने भांडामा राखी काठको बलियो बाकसको बीच भूस वा काठको धूलो राखी बन्द गरिएको हुनुपर्छ ।

(६) माहुरी, रेशमी कीरा वा खराव कीटाणु नाश गर्ने कीटाणु पठाइदाः– नियम ११ को उपनियम (६) बमोजिमका शर्त पूरा राखिएको पुलिन्दामा सेतो लेबुलमा "जीवित जन्तु" भन्ने लेखी ठेगाना लेख्ने ठाउँभन्दा माथिपट्टि देखिने गरी टांस्नुपर्छ ।

१७. टिकटको चुक्ती गर्नु पर्नेः– पुलिन्दामा लाग्ने महसूलको अग्रीम चुक्ती गर्नु पर्छ । प्रत्येक पुलिन्दा हुलाकमा दाखिल गर्नुपर्छ । यसरी दाखिला भएका प्रत्येक पुलिन्दाको रजिष्ट्रेशन गर्नु अनिवार्य हुनेछ ।

१८. नियम १७ बमोजिम नभएका पुलिन्दा प्रेषक कहां नै फिर्ता पठाइने छ । सो वस्तु पुनः दाखिला गर्न चाहेमा नयां हुलाक वस्तु सरह महसूल लाग्ने छ ।

१९. फाराम भर्न लगाउनेः– जुनसुकै हुलाकमा दाखिल भएको वा जुनसुकै ठाउँमा पठाउने प्रत्येक पुलिन्दाको विषयमा समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी पुलिन्दामा खामिएको वस्तुको बयान र मूल्यविषयमा जानकारी राख्नको निमित्त डाइरेक्टरले निर्धारित गरे अनुसारको फाराम प्रेषकले भर्नुपर्नेछ ।

२०. पुलिन्दाभित्र राखी हुलाकद्वारा पठाउन निषेध गरिएका वस्तुहरूः– देहायका वस्तुहरू पुलिन्दा भित्र राखी हुलाकद्वारा पठाउन निषेध गरिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) ऐन वा यो नियमावली अन्तर्गत निषेध गरिएको वा निषेध हुने वस्तु,
(२) श्री ५ को सरकारद्वारा नेपाल गजेटमा सूचना प्रकाशित गरी नेपाल अधिराज्यभित्र, बाहिर आयात निर्यात गर्न वा एक जिल्लाबाट अर्को जिल्ला जिल्लामा ल्याउन लैजान मनाही गरिएका वस्तुहरू,
(३) श्री ५ को सरकारद्वारा यस सम्बन्धमा अधिकार प्राप्त पदाधिकारीद्वारा नेपाल अधिराज्य भित्र बाहिर आयात निर्यात गर्न वा एक जिल्लाबाट आर्को जिल्लामा ल्याउन लैजान मनाही भएका वस्तुहरू,
(४) वैज्ञानिक तथा डाक्टरी उपयोगमा आउने वस्तुहरू बाहेक अन्य मादक पदार्थहरू,
(५) माहुरी, रेशमी कीरा वा श्री ५ को सरकारद्वारा मान्यता प्राप्त संस्थाहरू-का बीच आदान प्रदान भएका खराब कीटाणु नाशक कीटाणुभन्दा बाहेक अन्य जीवित कीटाणुहरू, वा
(६) भन्सार महसूल लाग्ने चीजहरूलाई छल्ने किसिमबाट पठाइएका वस्तुहरू।

२१. निषेध गरिएका वस्तुहरू खामिएमा गर्नेः– नियम २० ले मनाही गरेको कुनै वस्तु खामिएको हुलाक वस्तु परिवहन कालमा प्राप्त भएमा ऐनको दफा ५४ बमोजिम गर्ने वा प्रेषकलाई फिर्ता दिने विषयमा डाइरेक्टरको निर्देशन बमोजिम हुनेछ।

२२. टिकट जस्तो अन्य चीज टाँस्न नहुनेः– (क) टिकटजस्तो लेखिएको, छापिएको वा मुद्रित गरिएको कुनै चीज वा ठेगाना लेख्नेपट्टि छापिएको, मुद्रित गरिएको वा लेखि-एको कुनै चीजले ठीक ठेगानावाला पत्ता लगाउन वा टिकटको पूरा महसूलको हिसाब गर्न झुक्किन सकिने गरी हुलाक दाखिल गरेको कुनै हुलाक वस्तुहरूलाई हुलाक-द्वारा चलान गरिने छैन,

(ख) यस नियमको उप–नियम (क) को उल्लङ्घन गरिएको कुनै हुलाक वस्तु परिवहन कालमा वा ठेगाना हुलाकबाट डेलिभरी गर्नुभन्दा अगाडि प्राप्त भएमा त्यस वस्तुमा लाग्ने हुलाक महसूलको दुगुना प्रेषकबाट असूल गरी प्रेषकलाई नै सो वस्तुको डेलिभरी गरिने छ। सो वस्तुमा टाँसिएको टिकटको कुनै गिन्ती हुनेछैन।

२३. हुलाक वस्तुको पुनः निर्देशन (रिडाइरेक्शन):– (१) नियम २५ मा लेखिएभन्दा बाहेक कुनै हुलाक वस्तुको ठेगानावाला पत्ता नलागेमा र पुनः निर्देशन भएपछि सो वस्तु अन्य आन्तरिक हुलाकबाटै डिलेभरी हुने भएमा अरू बढी दस्तूर नलिई ठेगाना-वालालाई डेलिभरी गरिने छ। पुनः निर्देशन गर्ने काम ठेगाना हुलाकबाट मात्रै हुन सक्ने छ।

(२) आन्तरिक हुलाकबाट डिलेभरी हुने हुलाक वस्तु हुलाक कर्मचारी वा ठेगानावालाको प्रतिनिधिले निम्न बमोजिम गरी पुनः निर्देशन गरेमा अगाडि चलान गर्न सकिने छः–

33
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) रजिष्टर नभएको हुलाक वस्तुको विषयमा ठेगानावालाको प्रतिनिधिले सो वस्तु नखोली हल्कराको साथै फिर्ता गरेमा या डेलिभरी गर्ने हुलाक अड्डामा पुनः दाखिल गरेमा,

(ख) रजिष्टर भएको वस्तुको विषयमा ठेगानावालाको प्रतिनिधिले सो वस्तु नखोली रसीदमा सहिछाप नगरी डेलिभरी गर्ने हुलाकमा हल्करालाई बुझाएमा ।

२४. नियम २३ उल्लङ्घन गरेमा गर्ने:– नियम २३ उल्लङ्घन गरी पुनः हुलाक दाखिल गरेको हुलाक वस्तुलाई नयां हुलाक दाखिल गरेको वस्तु सरह मान्यता दिई अगाडि चलान गरिने छ ।

२५. पुनः निर्देशन हुँदा थप महसूल लाग्ने व्यवस्था:– साबिक ठेगाना र नयां ठेगाना एउटै हुलाकको डेलिभरी क्षेत्रमा पर्ने भएको वा कसैले दावी नगरेकोमा वा बुझ्न मञ्जूर नगरेको पुलिन्दा प्रेषकको ठेगाना शुरू हुलाकको डेलिभरी एरियाभित्र परेकोमा बाहेक अन्य कारणबाट पुनः निर्देशन हुने सबै पुलिन्दामा लाग्ने महसूलको थप आधा महसूल डेलिभरी गर्दा असूल गरिने छ । आधा महसूल असूल गर्दा पूरा महसूलमा लागेको रजिष्टरी दस्तूर तथा बिमा दस्तूर बाहेकको आधा महसूल मात्र असूल गरिने छ । तर ठेगानावाला वा ठेगानावालाको प्रतिनिधिले लिखित रूपमा सूचना नदिएसम्म यसरी पुनः निर्देशन हुने छैन ।

२६. हवाइ डांकद्वारा परिवहन हुने वस्तुहरू:– डाइरेक्टरले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी मनाही गरेको हुलाक अड्डाबाट बाहेक अन्य कुनै हुलाक अड्डाबाट हुलाक वस्तुहरू हवाई मार्गद्वारा रजिष्टरी भएको वा नभएको चिठ्ठी वा हुलाकपत्र वा हवाईपत्र थप हवाइ महसूल नतिरी पठाउन सकिने छ । तर सोभन्दा बाहेक अन्य वस्तु पठाउनपरेमा यस नियमको परिच्छेद ८ मा लेखिए बमोजिम थप दस्तूर तिरेर मात्रै पठाउन सकिने छ ।

## परिच्छेद– ३

### रजिष्ट्रेशन (दर्ता गर्ने)

२७. रजिष्ट्रेशन (दर्ता) गर्दा पालन गर्नुपर्ने कुरा:– (१) हुलाक वस्तु रजिष्ट्री गर्दा त्यस वस्तुमा लाग्ने महसूल रजिष्ट्री बापत लाग्ने थप दस्तूरको अग्रीम भुक्तानी टिकटद्वारा हुनु पर्दछ । कुनै हुलाक वस्तु डाइरेक्टरले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको हुलाक अड्डामा रजिष्ट्री गराई आन्तरिक हुलाक वा विश्वको जुनसुकै मुलुकमा डेलिभरी हुने गरी पठाउन सकिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) रजिष्ट्री गराउन नेपाल गजेटमा समय समयमा प्रकाशित गरिएको हुलाकको काउण्टरमा हुलाक वस्तु पेश गर्नुपर्छ। धेरै टिकटहरू टांसी लाहा छापहरू लगाई, वा अन्य कुराहरू लेखी हुलाक अड्डाबाट टांसिने लेबुल वा अरू चिह्न लगाउनको लागि पर्याप्त ठाउँ नभएको हुलाक वस्तुको रजिष्ट्री गरिने छैन। रजिष्ट्री वस्तुको अगाडिको भाग माथि रजिष्ट्री भनी लेखेको हुनु पर्छ।

(३) प्रेषक तथा ठेगानावालाको ठेगाना पूरा र प्रष्ट नलेखेको कुनै हुलाक वस्तु रजिष्ट्री हुन सक्नेछैन।

(४) नियन्त्रकले तोकिदिएको रजिष्ट्री गर्ने समयभित्र हुलाक अड्डाको काउण्टरमा रजिष्ट्री गर्न ल्याउने व्यक्तिलाई प्रत्येक वस्तुको अलग अलग भरपाई (रसीद) दिइने छ।

(५) कुनै रजिष्ट्री वस्तु ठेगानावाला वा ठेगानावालाबाट अधिकृत व्यक्तिले भरपाई (रसीद) मा पूरा र प्रष्ट बुझिने गरी सहिछाप नगरेसम्म डेलिभरी गरिने छैन।

२८. फिर्तिरसीद सम्बन्धमाः– (१) प्रेषकले हुलाक महसूल र रजिष्ट्री दस्तूरमा थप, फिर्तिरसीदमा परिच्छेद ८ बमोजिम लाग्ने टिकट टांसी डाइरेक्टरले निर्धारित गरेको फाराममा ठेगानावाला तथा प्रेषकको नाम तथा ठेगाना लेखी दाखिल गर्नुपर्छ। हुलाक वस्तुहरू बुझिसकेपछि सो बुझेको भन्ने ठेगानावालाको सहिछाप गराई सो रसीद प्रेषकलाई फिर्ता गरिने छ। सो फिर्तिरसीद सम्बन्धित वस्तुबाट नखस्ने गरी नत्थी हुनुपर्छ र फिर्तिरसीद रहेको हुलाक वस्तुको अगाडिको भागको माथिल्लो भागमा रजिष्ट्री "फी. र." भन्ने शब्दहरू लेखिएको हुनुपर्छ।

(२) रजिष्ट्री वस्तुको प्रेषकले रजिष्ट्री वस्तु पाएको नपाएको भन्नेबारेमा ठेगानावालाको सहिछाप गरेको रसीद प्राप्त गर्नुपर्ने भएमा हुलाक वस्तु रजिष्ट्री भएको महीनाले ६ महीनाभित्र परिच्छेद ८ बमोजिमको दस्तूरको टिकट टांसी निवेदन गरेमा ठेगानावालाले सो वस्तु बुझेको मिति र सहिछापसमेत भएको भरपाई सम्बन्धित हुलाकले प्रेषकलाई उपलब्ध गराउने छ।

(३) फिर्तिरसीद साथै रहनुपर्ने भनी यी नियमहरूमा तोकिएको हुलाक वस्तुमा फिर्तिरसीदसहित प्राप्त नभएमा सो वस्तुको रजिष्ट्रेशन गरिने छैन।

२९. रजिष्ट्री अनिवार्य हुने वस्तुहरूः– (क) देहायको हुलाक वस्तुको रजिष्ट्री गर्नु अनिवार्य हुनेछः–

(१) हुलाक वस्तुको अगाडिको भागमा रजिष्ट्री भन्ने लेखिएको वस्तुहरू,

तर डेलिभरी भइसकेको र पुनः हुलाक दाखिल हुन आएको वस्तुहरूको हकमा ठेगानावालासंग प्रथम पटक रजिष्ट्री हुन आए सरह रजिष्ट्री दस्तूर लिई हुलाक वस्तु बुझाइने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 37

(२) पुलिन्दाहरू,
(३) बिमा वस्तुहरू,
(४) भन्सार प्रज्ञापनपत्र (कष्टम डेक्लेरेशन फाराम) चाहिने वस्तुहरू,
(५) चेक, हुण्डी र बिल आदि खामिएका वस्तुहरू,

(ख) माथि खण्ड (क) बमोजिम रजिष्ट्री गरिनुपर्ने वस्तुहरू रजिष्ट्री नगरिएको भएमा सो हुलाक वस्तुमा लाग्ने रजिष्ट्री वस्तुको दुगुना दस्तूर डेलिभरी लिने ठेगानावाला वा प्रेषकबाट असूल गरिने छ ।

३०. विदेश पठाइने रजिष्ट्री हुलाक वस्तुहरू:– विदेश तर्फ पठाउने हुलाक वस्तुहरू रजिष्ट्री गर्दा पनि यस परिच्छेदका व्यवस्थाहरू लागू हुनेछन् ।

३१. हुलाक सेवा विभागले दायित्व स्वीकार नगर्ने:– निम्नलिखित अवस्थामा कुनै कारवाई गरिने छैन:–

(१) आन्तरिक रजिष्ट्री हुलाक वस्तुको सम्बन्धमा छ महीनाभित्र र विदेशतर्फ पठाइएको रजिष्ट्री हुलाक वस्तु भएमा एक वर्षभित्र कुनै सोधपुछ (इन्क्वायरी) नगरेमा, वा

(२) प्रेषकको लापरवाहीले अथवा दोषले क्षति हुन गएमा वा हराएमा वा हुलाकद्वारा चलान गर्न मनाही गरिएको वस्तुहरू रजिष्ट्री गरी पठाएमा, वा

(३) रजिष्ट्री वस्तुमा राखिएको चीज झोलिलो, छिटै नाश हुन सक्ने वा विशेष छिटै फुट्न सक्ने वस्तुहरू भएमा, वा

(४) विदेशतर्फ पठाइएको रजिष्ट्री वस्तुको सम्बन्धमा निम्न अवस्थामा कुनै दायित्व वहन गरिने छैन:–

(अ) ठेगाना हुलाकको देशमा भएको कानूनद्वारा डेलिभरी गर्न मनाही भएको वस्तुहरू, वा

(आ) ठेगाना हुलाकको देशको हुलाक सम्बन्धी नियम बमोजिम सोधपुछ गर्ने अवधिभित्र डेलिभरी गरेको भएमा, वा

(इ) काबू बाहिरको परिस्थितिबाट हराएमा वा नोक्सान भएमा वा डेलिभरी हुन नसकेमा ।

## परिच्छेद–४

### बिमा

३२. बिमा गरिने वस्तुहरू र बिमा गर्न सकिने हद:– (१) रू. २५००। सम्म मूल्य भएको बेचबिखन गर्न सकिने वस्तुहरू र रू. २५००। सम्मको करेन्सी नोट वा सिक्का भएको चिट्ठी वा पुलिन्दा हुलाकद्वारा बिमा गरी पठाउन सकिने छ । बिमा गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्ने, बिमा डेलिभरी गर्न सक्ने र बिमाको जनाउपत्र बांड्न सक्ने हुलाकहरू डाइरेक्टरले तोकिदिए बमोजिम हुनेछ ।

(२) उप–नियम (१) को अधीनमा रही बेचबिखन गर्न सकिने जुनसुकै वस्तुहरू वा करेन्सी नोट वा सिक्का हुलाकद्वारा पठाउँदा बिमा गर्न अनिवार्य हुनेछ ।

३३. बिमा महसूल दर:– हुलाक वस्तु बिमा गरे बापत हुलाक महसूल र रजिष्ट्री दस्तूरमा थप निम्न बमोजिमको दस्तूर लाग्ने छ:–

(क) पहिलो रू. १००। सम्मको लागि ।५० पैसाको दरले, र

(ख) त्यसपछि प्रत्येक रू. १००। वा अंशको निमित्त ।२५ पैसा ।

३४. बिमा गर्ने तरीका:– हुलाक वस्तुहरू बिमा गर्दा देहाय बमोजिम गर्नुपर्छ:–

(१) बिमा गर्दा लाग्ने हुलाक तथा अन्य दस्तूरको अग्रिम चुक्ति हुलाक टिकट टांसी गर्नुपर्छ ।

(२) प्रत्येक बिमा वस्तु छाप नफुटाइकन वा बेसाबूत वा अस्पष्ट चिह्न नरहने किसिमसंग खोल्न नसकिने गरी सफा र स्पष्ट बुझिने गरी एक रङ्गको सफा लाहाद्वारा एकै ढांचाको कुनै व्यक्तिगत छाप लगाई बलियो खाममा वा खोलमा वा बट्टामा वा बाकसमा राम्ररी बन्द गरिएको हुनुपर्दछ । रुपैयां पैसाको वा सोझा बाङ्गा काटिएको रेखा भएको छाप हुनु हुँदैन ।

(३) खाम, खोल, बाकस वा बट्टा कालो वा अरू कुनै किसिमको रङ्गीन किनारा नभएको वा भित्रको कुनै अंश कतैबाट देख्न र चिन्न नसकिने गरी बनेको हुनुपर्छ ।

(४) खाम, खोल, बाकस वा बट्टा बन्द गरी टांसिने प्रत्येक जोडनीमा लाहा-छाप लगाएको हुनुपर्छ । कुनै वस्तु खाममा पठाइने भएमा धागाको टांका मारी वा फित्ता बांधी जहां गांठो पर्छ त्यहां लाहाछाप लगाएको हुनुपर्छ।

(५) खोल बाकस वा बट्टामा राखी पठाइने वस्तुको विषयमा सिएको ठाउँ धेरै भएमा प्रत्येक इञ्चमा लाहा वा शिशाको छाप लगाउँदा बिमा वस्तु छाप खोली वा अन्य प्रष्ट चिह्न देखिने नगरीकन खोल्न नसकिने हुनु पर्छ ।

(६) खोल बट्टा वा बाकस सरल बलियो चीजको बनेको र बलियो कागज वा कपडाले मोरिएको हुनु पर्दछ । त्यस्तो खाम, खोल बट्टा वा बाकसमा हुलाक अड्डाको लेबुल टांस्ने तथा चिह्न लगाउने पर्याप्त स्थान हुनु पर्छ ।

(७) यसरी बिमा गरिने वस्तुमा कुनै केरमेट तथा थपघट नगरी बिमा गरिने मूल्य, अंक र अक्षर दुवैमा स्पष्टसंग बुझिने गरी लेखिएको हुनु पर्छ ।

३६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) प्रेषकको नाम र ठेगाना बिमा गरिने वस्तुको अगाडिको भागको देब्रेतर्फ र ठेगानावालाको नाम र ठेगाना दाहिने तर्फ केरमेट नगरी तथा नसच्याइकन पूरा र प्रष्ट लेखिएको हुनु पर्छ ।

३५. रसीदः– बिमा वस्तु बिमा गर्ने निर्धारित समयभित्र हुलाकमा दाखिल हुन आई हुलाकद्वारा बिमाको निमित्त स्वीकृति भएमा सो वस्तुको प्रेषकलाई प्रत्येक वस्तुको निमित्त छुट्टा छुट्टै रसीद दिइने छ ।

३६. फिर्ती रसीदः– प्रत्येक बिमा वस्तुको निमित्त ठेगानावालाले वा निजको अख्तियार पाएको वारिसले रीतपूर्वक सहिछाप गरेको फिर्ती रसीद प्रेषकलाई निःशुल्क सम्बन्धित हुलाक अड्डाले दिनेछ ।

३७. बिमा वस्तु फिर्ता हुनेः– सम्बन्धित हुलाकले देहायको अवस्थामा बिमा वस्तु प्रेषकलाई फिर्ता पठाउनुपर्दछः–

(क) बिमा वस्तुको आगमन सूचना दिइएको मितिले १० दिनभित्र ठेगानावालाले डेलेभरी नलिएमा, वा

(ख) ठेगानावालाले बिमा वस्तु लिन इन्कार गरेमा वा डेलिभरी लिन ठेगानावाला नै नभेटिएमा वा ठेगानावालाको मृत्यु भई डेलिभरी हुन नसकेमा, वा

(ग) ठेगानावाला अघि बसेको ठाउँ छाडी अन्यत्र गएमा वा बिमा वस्तु डेलिभरी गर्ने अख्तियार नभएको हुलाकको अधिकारक्षेत्रमा सरेकोमा सो सरेको १० दिनभित्र ठेगानावाला वा निजको अख्तियार पाएको वारिसलाई डेलिभरी दिन हुलाकको तर्फबाट प्रयास गर्दा पनि ठेगानावाला पत्ता नलागी बिमा वस्तु डेलिभरी हुन नसकेमा ।

तर, बिमा वस्तु हुलाकमा आइपुगेको समयमा बिमा वस्तुको ठेगानावाला सो हुलाकको डेलिभरी क्षेत्रबाट बाहिर गएको भए र सो हुलाकमा निजले आफ्नो नाममा बिमा वस्तु आएको सूचना हुलाकबाट वा अरू कुनै तवरबाट थाहा पाई त्यसको डेलिभरी लिने इच्छाको लिखित सूचना सम्बन्धित हुलाकलाई खण्ड (ग) मा उल्लिखत १० दिनभित्र दिएमा सो बिमा वस्तु अरू १५ दिनसम्म सो हुलाकमा राखिने छ । सो अवधिभित्र पनि ठेगानावाला वा निजको अख्तियार पाएको वारिसले डेलिभरी नलिएमा सो १५ दिन भुक्तान भएपछि सो बिमा वस्तु प्रेषकलाई नै फिर्ता पठाइने छ ।

३८. क्षतिपूर्ति पाउने शर्त र बन्देजहरूः– बिमा गरिएको हुलाक वस्तु वा त्यसको कुनै अंश हुलाकद्वारा चलान गरिएको अवस्थामा हराएमा वा नोक्सान भएमा ऐन बमोजम पाउने क्षतिपूर्तिका रकम देहायको अवस्थामा पाउने छैनः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रेषकले लेखेको ठेगाना अधुरो वा अशुद्ध भै गलत डेलिभरी हुन गएमा, वा

(ख) प्रेषकले वा ठेगानावालाले कुनै किसिमको जालसाजी गरेको प्रमाणित भएमा, वा

(ग) ठेगानावालाले फिर्तिरसिदसमेतमा सहिछाप गरी बिमा वस्तुको डेलिभरी लिइसकेको भएमा, वा

(घ) बिमा वस्तु हुलाक दाखिल भएको मितिदेखि ३ महीनासम्ममा हराएको वा नोक्सानी भएको वा गुम भएको कुनै उजूरी नदिएमा, वा

(ङ) अनुचित वा असुरक्षित प्याकबन्दीको कारणले हराएमा वा नोक्सान भएमा, वा

(च) हुलाक वस्तुको बाहिरी भाग वा लाहाछापमा कुनै देखिने नोक्सानी नभएमा, वा

(छ) बिमा वस्तुभित्र करेन्सी नोट वा सटही मूल्यको अरू वस्तु वा दुवैसाथ खामिएको भै त्यस्तो वस्तुहरुको वास्तविक मूल्यको बिमा नगरिएको भएमा, वा

(ज) बिमा गरिएको वस्तुको स्वभावबाट हानि नोक्सानी भएमा, वा

(झ) हुलाकद्वारा चलान गर्न मनाही गरिएको वस्तु बिमा गरिएमा, वा

(ञ) काबू बाहिरको परिस्थितिबाट हराएमा वा नोक्सान भएमा ।

३९. क्षतिपूर्ति दिने तरीका:– क्षतिपूर्ति भुक्तानी दिंदा देहाय बमोजिम हुनेछ:–

(क) बिमा गरिएको मूल्यको रकमभन्दा कुनै हालतमा पनि बढी नहुने गरी गुम, चोरी वा नोक्सान भएको जतिको ठीक मूल्य बराबरको क्षतिपूर्ति पाउने हकदार प्रेषक हुनेछ ।

(ख) अप्रत्यक्ष नोक्सानी वा नाफा, हानिको विचार गरिने छैन ।

(ग) क्षतिपूर्तिको हिसाब गर्दा बिमा वस्तुहरू चलाउन स्वीकार गरेको स्थान र समयमा उही प्रकारको चीजको प्रचलित भाउ अनुसार गरिने छ । प्रचलित भाउ नभएमा चीजको सामान्य मूल्य अनुसार मूल्य निर्धारण गरिने छ ।

(घ) डाइरेक्टर वा नियन्त्रकद्वारा परिस्थितिवश जांचबुझ गर्ने आदेश भएमा बाहेक क्षतिपूर्ति भुक्तानी यथाशक्य छिटो र ढिलोमा सोधपुछ भएको मितिदेखि ६ महीनाभित्र दिइने छ ।

## परिच्छेद– ५

### हुलाक आदेश

४०. (१) हुलाकद्वारा केही रुपैयां आदान प्रदान गर्ने सुविधाको लागि अधकट्टीसहितको हुलाक आदेश प्रचलनमा ल्याइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुलाक आदेश निम्न दरको हुनेछः–

|  |  |
|---|---|
| ।५० पचास पैसा | ५। पाँच रुपैयाँ |
| १। एक रुपैयाँ | १०। दश रुपैयाँ |
| २। दुई रुपैयाँ | २०। बीस रुपैयाँ |

(२) हुलाक आदेशको निमित्त निम्न बमोजिमको कमिशन लाग्ने छः–
।५० पचास पैसादेखि ५। पाँच रुपैयाँसम्मको प्रत्येक हुलाक आदेशको निमित्त ।५ पाँच पैसा,

१०। दश रुपैयाँको प्रत्येक हुलाक आदेशको निमित्त ।१० दश पैसा,
२०। बीस रुपैयाँको प्रत्येक हुलाक आदेशको निमित्त ।२० बीस पैसा।

४१. हुलाक आदेशको बिक्री तथा भुक्तानी दिनः– हुलाकमा हुलाक आदेशको मौज्दात राख्ने, सर्वसाधारण लाई बिक्री गर्ने र, भुक्तानी दिने पद्धति र हुलाक आदेश बिक्री गर्न वा भुक्तानी दिन सक्ने हुलाकहरू डाइरेक्टरले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ।

४२. कुनै हुलाक आदेश हुलाकबाट बिक्री भएपछि सो बिक्री भएको महीनाको आखिरी दिनले ६ महीनाभित्र सो हुलाक आदेश भुक्तानी निमित्त हुलाकमा नल्याएमा नियम ४० को उप–नियम (२) मा निर्धारित गरिएको दर बमोजिम दोस्रो कमिशन लाग्ने छ। र यो कमिशन हुलाक आदेशको पछाडि पट्टि हुलाक टिकट टाँसी चुक्ता गर्नुपर्नेछ। बिक्री भएको महीनको आखिरी दिनले १२ महीनापछि भुक्तानीको निमित्त ल्याएकोमा हुलाक आदेशको भुक्तानी दिइने छैन।

४३. हुलाक आदेश बिक्री भएको महीनाको आखिरी दिनले ६ महीनाभित्र हुलाक आदेश र त्यससाथ रहेको अधकट्टिसमेत हुलाक आदेश किनेको अड्डामा पेश गरी त्यस हुलाक आदेशको मूल्य फिर्ता लिन चाहेमा बाहेक कमिशन मूल्य फिर्ता पाउने छ। हुलाक आदेश बिक्री भएको महीनाको आखिरी दिनले ६ महीना नाघेको तर दोस्रो कमिशन चुक्ता गरेको भएमा १२ महीनाभित्र कमिशन बाहेक मूल्य फिर्ता पाउन सकिने छ।

४४. हुलाक आदेशको मूल्य बैंकद्वारा भुक्तानी पाउनको निमित्त हुलाक आदेशलाई क्रस गरिएको हुनु पर्छ। त्यसको भुक्तानी हुलाकबाट लिन चाहेमा क्रसलाई काटी कृपया नगद भुक्तानी दिनु होस् भन्ने शब्द हुलाक आदेशको अगाडि लेखेर आफ्नो सही गर्नुपर्छ।

४५. हुलाक आदेशको भुक्तानी एक पटक जोसुकैलाई दिइसकेपछि सोही हुलाक आदेशको विषयमा कसैले अरू कुनै बढी दाबी गर्न आएमा हुलाक अड्डाको कुनै जवाफदेही हुनेछैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. नियम ४४ मा उल्लेख गरिए बाहेक हुलाक आदेशमा कुनै केरमेट वा कुनै अदली बदली गरेमा वा हुलाक आदेशमा हुलाक आदेश बिक्री गर्ने हुलाक हाकिमको सहिछाप नभएमा वा हुलाकका छाप नलगाएमा वा हुलाक आदेश काटिएको भएमा वा रद्दी गरिएको भएमा वा कुरूप गराइएको भएमा यस्तो हुलाक आदेशको भुक्तानी दिइने छैन ।

## परिच्छेद– ६

### फिर्ति चिट्ठी फांट

४७. फिर्ति चिट्ठीफांट रहने ठाउँ डाइरेक्टरले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

४८. फिर्ति चिट्ठी फांटमा पठाइएको हुलाक वस्तुहरू राख्ने अवधिः– (क) ऐनको दफा ३५ अनुसार फिर्ति चिट्ठी फांटमा प्राप्त भएको हुलाक वस्तुलाई टुंग्याउन नसकिएमा दफा ३६ को प्रतिबन्धात्मक वाक्यांश (ख) को अधीनमा रही निम्न बमोजिम गर्नुपर्ने छः–

(१) डेलिभरी नभएका साधारण चिट्ठी, हुलाकपत्र वा हवाइपत्र प्राप्त भएको मितिले ३१ दिनसम्म राखेपछि जलाइने छ ।

(२) डेलिभरी नभएका रजिष्ट्री चिट्ठी प्राप्त भएको मितिले ९१ दिनसम्म राखेपछि जलाइने छ ।

(३) मूल्य नभएका व्यापारिक परिपत्र मूल्य सूची विज्ञापन जस्तो छापा कागजपत्रको प्याकेटहरू शीघ्र रद्दी कागज सरह बिक्री गरिने छ ।

(४) अरू प्याकेट र दैनिक समाचार पत्र-पत्रिकाहरू रजिष्ट्री नभएको भए ३१ दिन भित्रसम्म र रजिष्ट्री भएको भए ९१ दिनसम्म राखिसकेपछि बेचेर, जलाएर वा डाइरेक्टरले तोकिदिए बमोजिम टुङ्गो लगाइने छ ।

(५) दैनिक बाहेक अरू समाचार पत्र-पत्रिकाको हकमा डाइरेक्टरले निर्देशन दिए बमोजिम हुनेछ ।

(६) राख्नुपर्ने अवधि तोकिएको हुलाक वस्तु सम्बन्धी सूची सूचना पाटीमा टांसिने छ ।

(ख) ऐनको दफा ३५ अनुसार टुंग्याउन नसकिएको पुलिन्दालाई दफा ३६ को प्रतिबन्धात्मक वाक्यांश (ख) को अधीनमा रही ९१ दिन रोकेपछि डाइरेक्टरको निर्देशन बमोजिम गर्न सकिने छ ।

४९. विदेशी डांकबाट प्राप्त हुलाक वस्तु ऐनको दफा ३५ बमोजिम टुंग्याउन नसकिएमा एक महीनाभित्र डेलिभरी नहुनाको कारण प्रष्ट खोली छाप लगाई शुरू देशमा फिर्ता पठाइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०. ठेगानावालाको वा प्रेषकको ठेगाना प्रष्ट नलेखिएको वा ठेगानावाला तथा प्रेषकको कुनै कारणबाट पत्ता लगाउन नसकिएको हुलाक वस्तु फिर्ति चिट्ठी फांटमा पठाउनु पर्छ। कसैले आफूले प्राप्त गर्नुपर्ने हुलाक वस्तु ठेगाना अधूरो भै प्राप्त गर्न नसकिएको शंका लागेमा फिर्ति चिट्ठी फांटमा लेखापढी गरी सोधपुछ गर्न सक्ने छ।

## परिच्छेद– ७

### विविध नियमहरू

५१. नपुग महसूलको दुगुना असूल गर्ने:– हुलाक वस्तुमा हुलाक महसूल चुक्ता गर्न अन्य साधनको स्वीकृति प्राप्त नभएसम्म टिकट टांसी चुक्ता गरिएको हुनुपर्छ। कुनै कारणले कुनै हुलाक वस्तुमा कम महसूलको टिकट टांसिएको भएमा वा टिकट नटांसिएको भएमा कमीको दुगुना डेलिभरी गर्दा असूल गरिने छ। यसरी हुलाक वस्तुमा कमी भएको महसूलको दुगुना असूल गर्ने विषयमा डाइरेक्टरले तोकिदिएको तरीका तथा कार्यविधि अनुसार हुनेछ।

५२. हुलाक महसूल अग्रिम चुक्ता गर्ने:– यी नियमहरूमा जुन हुलाक वस्तुमा हुलाक महसूल वा दस्तूरको अग्रिम चुक्ता हुनुपर्ने गरी लेखिएको छ सो हुलाक वस्तुमा चाहिने टिकट वा स्टाएम्पिङ्ग मिशिनको छाप लगाउने वा नगद भुक्तानी हुन वा डाइरेक्टरले समय समयमा तोकिएको शर्त तथा बन्देज बमोजिम गर्नुपर्नेछ।

५३. स्टाएम्पिङ्ग मेशिन (फ्रेन्किङ्ग मेशिन):– नियम ५२ को प्रयोजनको निमित्त स्टाएम्पिङ्ग मेशिनको छाप ऐनको दफा १३ को उप–दफा १ अनुसार प्रचलनमा ल्याइनेछ। त्यस्तो छाप देहायको शर्त र बन्देजको पालना गरेमा सर्वसाधारणद्वारा प्रयोग गर्न सकिने छ।

(१) यस्तो मेशिनबाट निस्कने छाप उज्यालो रातो रङ्गको हुनु पर्छ।

(२) यस्तो छाप हुलाक वस्तुको अगाडिको भागको दाहिने कुनामा लगाइएको हुनु पर्दछ।

(३) यस्तो मेशिन प्रयोग गर्ने लाइसेन्सको निमित्त लाग्ने दस्तूर श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ।

(४) अन्य शर्त बन्देजहरू डाइरेक्टरले समय समयमा तोकिदिए बमोजिम हुनेछ।

(५) स्टाएम्पिङ्ग मेशिनको प्रयोग गर्नको लागि लाइसेन्स दिने नदिने सर्वाधिकार डाइरेक्टरमा रहने छ।

५४. हुलाक महसूल चुक्ता गर्न मान्यता नभएको टिकट:– निम्न बमोजिमको टिकट टांसिएको टिकटलाई हुलाक महसूल चुक्ति भएको मानिने छैन।

(१) श्री ५ को सरकारबाट प्रचलनमा नल्याइएको टिकट,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुरूप गरिएको, च्यातिएको, प्वाल परेको, काटिएको, रद्दी गरिएको वा अनूरो तुल्याउन चिह्न लगाइएको टिकट,

(३) टिकटमा छापिएको भन्दा बाहेक अन्य कुनै अक्षर, शब्द, मूर्ति वा कुनै आकार छापको मुद्रण गरेको वा लेखेको टिकट,

(४) इम्वस खाम, न्यापर वा हुलाकपत्रबाट काटी झिकिएको टिकट,

(५) इम्वस भएको, रजिष्ट्री खाम रजिष्ट्री नगरी साधारण रूपमा पठाइएको खाममा टाँसिएको टिकट,

५५. टिकट बेच्न नहुने:– (१) श्री ५ को सरकारद्वारा दिइएको अनुमतिपत्र (लाइसेन्स) वा तोकिएको शर्तहरूको अधीनमा नरही कसैले टिकट बिक्री वितरण गर्न वा त्यस्तो व्यवसाय गर्न पाइने छैन ।

(२) कसैले उप-नियम (१) को उल्लंघन गरेमा त्यस्ता व्यक्तिलाई पचास रुपैयाँसम्म जरिवाना हुनेछ ।

तर,

(१) यस नियमले निम्नबमोजिम भएको टिकटविक्रीलाई बाधा पुऱ्याउने छैन ।

(क) हुलाकद्वारा भएको टिकट बिक्री,

(ख) ड्यूटीमा रहेको हुलाक कर्मचारीद्वारा बिक्री भएको टिकट बिक्री,

(ग) विभागले नियुक्ति गरेको फिलाटेलिक ब्युरो वा एजेन्सीद्वारा भएको टिकट बिक्री,

(घ) डाइरेक्टरद्वारा नेपाल गजेटमा सूचना प्रकाशित गरी टिकट बिक्री गर्न तोकिएको व्यक्ति वा संस्था ।

(२) टिकट बिक्री गर्ने वा टिकट सम्बन्धी व्यवसाय गर्नेले पालन गर्नुपर्ने शर्त तथा बन्देज श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकि दिए बमोजिम हुनेछ ।

५६. परिचयपत्र:– (१) हुलाक वस्तुहरूको डेलिभरीको उचित प्रबन्धको लागि हुलाकद्वारा रू. २। दस्तूर लाग्ने परिचयपत्र जारी गर्न सकिने छ । यस्तो परिचयपत्रको उपयोग सर्वसाधारणले गर्न सक्ने छन् ।

(२) परिचयपत्र जारी गर्न सक्ने हुलाकको नाम, परिचयपत्र विषयमा पालन गर्नुपर्ने शर्त बन्देज तथा तरीका , डाइरेक्टरले तोकिदिए बमोजिम हुनेछ ।

५७. हुलाक दाखिलाको प्रमाणपत्र:– (१) हुलाकद्वारा रसीद नदिइने हुलाक वस्तुमा, निम्न बमोजिमको शर्त पालन गरेमा हुलाक दाखिला गरेको प्रमाणपत्र हुलाकद्वारा दिइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) यस्तो प्रमाणपत्र दिने तोकिएको समयभित्र तत्सम्बन्धी काममा खटिएको हुलाक कर्मचारी छेउ हुलाक दाखिला गरिने हुलाक वस्तुसहित हुलाक दाखिलाको प्रमाणपत्र मसीले लेखेर बुझाउनुपर्छ,

(ख) हुलाक दाखिलाको प्रमाणपत्रमा हुलाक वस्तुमा लेखिएको ठेगानावालाको नाम तथा ठेगानाको पूरा नक्कल लेखिएको हुनु पर्छ। प्रत्येक तीन वस्तु वा सोभन्दा कमको निमित्त एक प्रमाणपत्र दिन सकिने छ। यस्तो प्रमाण पत्रमा परिच्छेद ८ मा लेखिए बमोजिमको टिकट टांसिएको हुनुपर्छ। स्टाएम्पिङ्ग मेसिनको छापद्वारा पनि प्रमाणपत्रमा लाग्ने हुलाक महसूल चुक्ता गर्न सकिने छ।

(ग) हुलाक वस्तुको थानगन्ती प्रमाणपत्रको तल्लो भागमा अक्षरमा लेखिनु पर्छ।

(२) सम्बन्धित हुलाकका कर्मचारीले यसरी प्राप्त प्रमाणपत्रको संख्या र ठेगाना राम्रोसंग भिडाई गल्ती भएमा सच्याईकन टिकटमाथि तारिखछाप लगाई प्रमाण-पत्र लिइआउनेलाई फिर्ता दिनुपर्छ।

५८. हुलाक वस्तु फिर्ता लिन सकिने:– आन्तरिक चिट्ठी, हुलाकपत्र, हवाइपत्र, दर्ता भएका समाचार पत्र–पत्रिका, व्यापारिक नमूना प्याकेट, व्यापारिक कागजपत्र विदेश तर्फ जाने रजिष्ट्री भएको हुलाक वस्तुको ठेगानावालालाई डेलिभरी भैनसकेको र डांकद्वारा चलान हुँदाको अवस्थामा रहेको भए ठेगानावालाको मञ्जूरी नलिई प्रेषकलाई नै फिर्ता दिन सकिने छ। फिर्ता लिन निम्न व्यहोरा पालन गरेको हुनुपर्छ:–

(क) कुनै हुलाक वस्तु डाइरेक्टर, नियन्त्रक वा ग्याजेटेड दर्जाका हुलाक हाकिमको आदेश विना फिर्ता डेलिभरी गरिने छैन,

(ख) प्रत्येक हुलाक वस्तु फिर्ता लिन प्रत्येक हुलाक वस्तुको निमित्त भिन्दा भिन्दै दरखास्त लेखी प्रत्येक दरखास्तमा एक रुपैयांको टिकट टांसी रजिष्ट्री भएकोमा भरपाईसमेत सम्बन्धित हुलाकमा बुझाउनु पर्छ। दरखास्तमा टांसिएको टिकट सम्बन्धित हुलाकमा बुझाइसकेपछि सो टिकट कुनै हालतमा फिर्ता गरिने छैन,

(ग) कुनै हुलाक वस्तु फिर्ता लिनको निमित्त हुलाक वस्तुको प्रेषक वा निजबाट लिखित अधिकार प्राप्त व्यक्तिले मात्र लिखित रूपमा आवेदन गर्न सक्ने छ,

(घ) हरेक दरखास्तमा फिर्ता डेलिभरी लिनाको कारण खोलिएको हुनुपर्छ यस्तो दरखास्त डाइरेक्टर वा नियन्त्रक मार्फत् कारवाइ गराउने भएमा सिलबन्दी खाममा पठाउनुपर्छ।

५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) खण्ड (क) मा लेखिएको अफिसर छेउ दरखास्त प्राप्त भएपछि निज अफिसरले दरखास्तवाला ठीक व्यक्ति हो र दरखास्तमा फिर्ता लिने कारण मनासिब छ भन्ने लागेमा प्रेषकलाई फिर्ता डेलिभरी गर्ने आदेश दिनेछन् अन्यथा सम्बन्धित हुलाक वस्तु ठेगानावालाकहां नै पठाइने छ।

(च) सम्बन्धित हुलाकमा प्राप्त दरखास्त विषयमा, यदि हुलाक हाकिम गजेटेड अफिसरस्तरको भएमा र प्रेषकले दिएको दरखास्तमा खुलाइएको कारण उचित ठहराएमा र प्रेषक ठीक व्यक्ति हो भन्ने लागेमा गजेटेड अफिसर हाकिमले तुरुन्त सो वस्तु प्रेषकलाई फिर्ता डेलिभरी गर्न सक्छन्। हुलाक हाकिम गजेटेड अफिसरभन्दा कमस्तरको भएमा, सम्बन्धित नियन्त्रण अफिसमा फिर्ता डेलिभरी दिन हुने नहुने विषयमा आफ्नो रायसाथ पेश गरी सम्बन्धित हुलाक वस्तु रोक्का गरी राख्नुपर्छ र नियन्त्रण अफिसबाट लेखिआए बमोजिम गर्नु पर्नेछ। फिर्ता डेलिभरी दिंदा सम्बन्धित हुलाक वस्तुको प्रेषक वा निजद्वारा लिखित अधिकार प्राप्त व्यक्तिलाई मात्र दिनुपर्नेछ।

(छ) सम्बन्धित हुलाकमा सो वस्तु नरहेमा हुलाक हाकिम डाइरेक्टर वा नियन्त्रकले ठेगाना हुलाकमा आकाशवाणीद्वारा पनि सो कुरा सूचित गर्नेछन् तर आकाशवाणी आदिको निमित्त लाग्ने खर्च प्रेषकले नै ब्यहोर्नुपर्नेछ।

(ज) विदेशतर्फ जाने रजिष्ट्री चिट्ठी विषयमा दरखास्त दिंदा रू. १। को टिकट टांसी सम्बन्धित देशमा चिट्ठी पठाउन लाग्ने दस्तूर नगद बुझाउनुपर्नेछ।

५९. हुलाकमा राख्नसकिने अवधिः– सम्बन्धित हुलाकमा दाखिल भएपछि देहायका वस्तुहरु देहाय बमोजिम चलान गर्ने वा डेलिभरी गर्न सकिने छन् :–

(क) चिट्ठी, हुलाकपत्र, हवाइपत्र, समाचार पत्र–पत्रिका र तत्सम्बन्धी रजिष्ट्री वस्तुहरू उही दिन,

(ख) पुलिन्दा तीन दिनभित्र,

(ग) छापा कागजपत्र व्यापारिक नमूना व्यापारिक कागजपत्र दुई दिनभित्र।

६०. नियम ६१ मा जेसुकै लेखिए तापनि, पुलिन्दाको डेलिभरी डाइरेक्टरले तोकेको समयभित्र र तोकेको तरीका बमोजिम हुनेछ।

६१. ठेगाना हुलाकमा डेलिभरी हुन नसकेका वस्तुहरूमा धरौटी राख्नसक्ने अवधिः–

(१) ठेगानावाला थाहा नभएको वा हुलाक अड्डामा कुनै सूचना नदिई ठेगाना बदली अन्य ठाउँमा बसोबास गरेकोमा सबै किसिमको सोधपुछ गर्दासमेत कुनै पत्ता नलागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डेलिभरी हुन नसकेका साधारण तथा रजिष्ट्री भएका हुलाक वस्तु सात दिनसम्म ठेगाना हुलाकमा धरौटी राख्न सकिने छ।

(२) डेलिभरी हुन नसकेका हुलाक वस्तुहरूमा मांग नगरेसम्म रोक्ने मार्फत् हुलाक हाकिम वा नआइ पुगेसम्म रोक्ने वा यस्तै किसिमको सूचना लेखिएको भएमा यस्तो हुलाक वस्तु प्राप्तभएको मितिले ३१ दिनसम्म मात्र धरौटीमा राख्न सकिनेछ।

(३) पुनः निर्देशन (रिडाइरेक्शन) भै आएको हुलाक वस्तु ठेगानावालालाई डेलिभरी गर्न कोशिश गर्दा पनि डेलिभरी हुन नसकेमा एकदिन पनि बढी धरौटीमा राख्न हुनेछैन।

(४) डेलिभरी हुन नसकेका टेलिग्राम वा आकाशवाणी ठेगानावाला प्राप्त हुन नसकेमा ठेगाना हुलाकमा प्राप्त भएको मितिले तीन दिनभन्दा बढी धरौटीमा राख्न सकिनेछैन।

६२. धरौटीमा राख्न नसकिने अवस्था:– ठेगानावालाले,

(क) सूचना प्राप्त गरेपछि डेलिभरी नलिएको वा इन्कार गरेकोले डेलिभरी हुन नसकेका हुलाक वस्तुहरू,

(ख) नयां ठेगानाको सूचना हुलाकमा नदिई नेपाल छाडी अन्यत्र ठाउँमा गएबाट डेलिभरी हुन नसकेका हुलाक वस्तुहरू,

(ग) ठेगानावालाको मृत्यु भएको र निजका नामको हुलाक वस्तु डेलिभरी गर्न अन्य कुनै व्यक्ति नभएबाट डेलिभरी हुन नसकेको हुलाक वस्तुलाई ठेगाना हुलाकमा धरौटीमा राख्न हुनेछैन।

६३. डेलिभरी सुविधाको निमित्त (पोष्टवाक्स) हुलाक मञ्जूषा:– रजिष्ट्री नभएको र महसूल तिरिएका हुलाक वस्तुहरूको डेलिभरी ठेगानावालाको सुविधाको लागि सम्बन्धित ठेगानावालाको नाममा कुनै नम्बरको हुलाक मञ्जुषा (पोष्टवाक्स) राखी डेलिभरी दिने व्यवस्था गर्न सकिनेछ। यस्तो हुलाक मञ्जूषा (पोष्टवाक्स) उपयोग गर्ने ठेगानावा लाई प्रत्येक आर्थिक वर्षभरको निमित्त रू. २०। र प्रत्येक ६ महीना वा सोभन्दा कम महीनाको लागि रू. १२। दस्तूर लाग्नेछ। जुन सम्बन्धित हुलाकको हुलाक हाकिमलाई नगद चुक्ता गर्नुपर्नेछ। पोष्टवाक्स राख्न सकिने हुलाक र यस सम्बन्धित शर्त बन्देज तथा तरीका डाइरेक्टरले तोकिदिए बमोजिम हुनेछ।

६४. भन्सारबाट हुलाक वस्तु छुटाउंदा लाग्ने महसूल:– विदेशी मुलुकबाट प्राप्त हुलाक वस्तुको भन्सार महसूल लाग्ने भएमा सो वस्तु भन्सारबाट छुटाउँदा सम्बन्धित हुलाक अड्डाले प्रत्येक यस्तो हुलाक वस्तुको ।५० पचास पैसा ठेगानावालाबाट नगद असूल गर्नेछ।

६५. ढिला दस्तूर लागेको चिट्ठी:– डाइरेक्टर वा निजद्वारा अधिकारप्राप्त पदाधिकारीले ढिला चिट्ठी हुलाकपत्र तथा हवाइपत्र निर्धारित समयभित्र दाखिल हुन आएमा उही डाँकद्वारा चलान गरिनेछ। प्रत्येक चिट्ठी हुलाकपत्र तथा हवाइपत्रको निमित्त ढिला

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तूर सम्बन्धित दस्तूरमा थप ।५ पैसा को टिकट टाँसी चुक्ता गर्नुपर्नेछ । ढिला दस्तूर ली उप-युक्त वस्तुहरू हुलाकद्वारा चलान गर्न सकिने हुलाक अड्डाहरू र दाखिला गर्ने तरीका डाइरेक्टरले तोकिदिए बमोजिम हुनेछ ।

६६. ऐनको दफा १६ को उप–दफा (क) र (ख) मा लेखिएका कुराहरू हुलाकबाट चलान गर्दाको अवस्थामा प्राप्त भएका हुलाक वस्तुहरू डाइरेक्टरको अफिसमा पठाउनुपर्वछ । यस्ता वस्तुहरू डाइरेक्टरले निर्देशन दिए बमोजिम हुनेछ ।

६७. ऐनका दफा १६ को प्रयोजनका निमित्त हुलाकबाट चलान गर्दाको अवस्थामा सबै हुलाक वस्तुहरू तलासी लिन वा लिन लगाउन निम्न हुलाकका कर्मचारीहरूलाई सुम्पिएको छः–

(१) गौचर एररसर्टिङ्ग अफिसको हुलाक हाकिम,

(२) एक्सचेञ्ज हुलाक अड्डाको हुलाक हाकिम,

(३) जनरल पोष्ट अफिसका हुलाक हाकिम,

(४) नियन्त्रक वा नियन्त्रकले अधिकार सुम्पेका हुलाकको कर्मचारी ।

६८. फारामको प्रयोग गर्नेः– हुलाक तथा हुलाक वस्तु सम्बन्धमा सर्वसाधारणले तथा हुलाक कर्मचारीले प्रयोग गर्नुपर्ने आवश्यक फारामहरूको नमूना तथा किसिम र सो फाराम भर्दा पालन गर्नुपर्ने शर्त तथा तरीका डाइरेक्टरले तोकिदिए बमोजिम हुनेछ ।

८४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद– ८

६९. बेहायमा लेखिए बमोजिमको हुलाक महसूल दर लगाइने छः–

### आन्तरिक हुलाक महसूल दर (सतह डांक)

| क्रम | हुलाक वस्तुको किसिम | तौल तोलामा | दर पैसामा |
|---|---|---|---|
| १. | चिट्ठी | १ तोलासम्मको | १० |
| | | प्रत्येक बढी तोला वा अंशको | ५ |
| २. | हुलाकपत्र | | ५ |
| | जवाफी हुलाकपत्र | | १० |
| ३. | बूकपोष्ट किताब प्याकेट नमूना प्याकेट | २½ तोलासम्मको | ५ |
| | | प्रत्येक २½ तोला वा अंशको | ५ |
| ४. | बर्ता (रजिष्टर्ड) पत्र–पत्रिका | ५ तोला सम्मको | २ |
| | | प्रत्येक बढी तोला वा अंशको | २ |
| ५. | पुलिन्दा (पार्सल) | २० तोलासम्मको | ३० |
| | | प्रत्येक बढी २० तोला वा अंशको | २५ |
| ६. | अन्धा साहित्य | १० तोलासम्मको | २ |
| | | प्रत्येक बढी २० तोला वा अंशको | २ |
| ७. | हुलाक दाखिला प्रमाणपत्र | ३ वस्तुसम्मको | ५ |
| ८. | फिर्तिरसीद | | ५ |
| ९. | रजिष्टरी शुल्क | | ५० |
| १०. | सोधनी वस्तूर | | २५ |

### आन्तरिक हवाइ महसूल द

| क्रम | हुलाकवस्तुको किसिम | तौल तोलामा | दर पैसामा |
|---|---|---|---|
| १. | चिट्ठी, हुलाकपत्र | आन्तरिक हुलाक महसूल दर (सतह डाँक) बराबर | आन्तरिक सतह डाँक बमोजिम |
| २. | बूकपोष्ट, किताब प्याकेट, नमूना प्याकेट | पहिलो २½ तोलासम्मको | १० |
| | | प्रत्येक बढी २½ तोला वा अंशको | १० |
| ३. | बर्ता (रजिष्टर्ड) पत्र–पत्रिका | ५ तोलासम्मको | ५ |
| | | प्रत्येक बढी तोला वा अंशको | ५ |
| ४. | पार्सल (पुलिन्दा) | प्रत्येक २० तोला वा अंशको | ५० |
| ५. | अन्धा साहित्य | प्रत्येक १० तोला वा अंशको | ५ |
| ६. | हवाइपत्र | | ८ |

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## वैदेशिक हुलाक महसूल दर

### सतह डाँक

(क) भारत, पाकिस्तान, बर्मा, सिलोन, गणतन्त्र चीन बाहेक अरू सबै देशहरूको निमित्त $\frac{1}{2}$ औंश बराबर $१\frac{1}{4}$ तोला, १ औंश बराबर $२\frac{1}{2}$ तोला

| क्रम | हुलाक वस्तुको किसिम | तौल तोलामा | दर पैसा |
|---|---|---|---|
| १. | चिट्ठी | १ औंशसम्मको | ५० |
| | | प्रत्येक बढी औंश वा अंशको | ३० |
| २. | हुलाकपत्र (पोष्टकार्ड) | | ३० |
| | जवाफी हुलाकपत्र | | ६० |
| ३. | छापा कागज | २ औंशसम्मको | २० |
| | | प्रत्येक बढी औंस वा अंशको | १० |
| ४. | दर्ता पत्र–पत्रिका | २ औंशसम्मको | १० |
| | | प्रत्येक बढी औंश वा अंशको | ५ |
| ५. | व्यापारिक नमूना प्याकेट | २ औंशसम्मको | २० |
| | | प्रत्येक बढी २ औंश वा अंशको | १० |
| ६. | व्यापारिक कागजपत्र | २ औंशसम्मको | २० |
| | | प्रत्येक बढी औंश वा अंशको | १० |
| ७. | अन्धा साहित्य | ४ औंशसम्मको | ५ |
| | | प्रत्येक बढी ८ औंश वा अंशको | ५ |
| ८. | हुलाक दाखिला प्रमाणपत्र | | १० |
| ९. | सतह मार्गको हुलाक वस्तुको फिर्तिरसीद सतह मार्गबाट आउने मा | | २५ |
| | ऐ. हवाइ मार्गबाट आउनेमा | | ४५ |
| | हवाइ मार्गका हुलाक वस्तुको फिर्ति-रसीद सतह मार्गबाट आउनेमा | | ४५ |
| | ऐ. हवाइ मार्गबाट आउनेमा | | ६५ |
| १०. | सोधनी दस्तूर | | ५० |
| ११. | रजिष्टरी शुल्क | | ५० |
| १२. | भन्सार छुट् महसूल | | ५० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) (सतह डाँक)

भारत, पाकिस्तान, बर्मा, सिलोन, गणतन्त्र चीनको निमित्त

| क्रम | हुलाक वस्तुको किसिम | तौल तोलामा | दर पैसामा |
|---|---|---|---|
| १. | चिट्ठी | १ तोलासम्मको | १५ |
| | | प्रत्येक बढी तोला वा अंशको | ५ |
| २. | हुलाकपत्र (पोष्टकार्ड) | | ८ |
| | जवाफी हुलाकपत्र | | १६ |
| ३. | छापिएको कागजपत्र, | | |
| | व्यापारिक कागजपत्र, | पांच तोलासम्मको | १५ |
| | नमूना प्याकेट र बूकपोष्ट | प्रत्येक बढी २½ तोला वा अंशको | १० |
| ४. | दर्ता पत्र–पत्रिका | ५ तोलासम्मको | ५ |
| | | प्रत्येक बढी तोला वा अंशको | ५ |
| ५. | अन्धा साहित्य | १० तोलासम्मको | ५ |
| | | प्रत्येक बढी २० तोला वा अंशको | ५ |
| ६. | दाखिला प्रमाणपत्र | ३ वस्तुसम्मको | ५ |
| ७. | फिर्तिरसीद सतह मार्गबाट आउनेमा | | १० |
| | ऐ. हवाइ मार्गबाट आउनेमा | | १५ |
| | हवाइ मार्गका हुलाक वस्तुको | | |
| | फिर्तिरसीद सतह मार्गबाट आउने | | १५ |
| | ऐ. हवाइ मार्गबाट आउने | | २० |
| ८. | सोधनी दस्तूर | | २५ |
| ९. | रजिष्टरी शुल्क | | ५० |
| १०. | भन्सार छुट् महसूल | | ५० |

वैदेशिक हुलाक महसूल दर हवाइ डाँक

प्रथम क्षेत्र

| देशको नाम | चिट्ठी | बूकपोष्ट | पोष्टकार्ड | हवाइपत्र |
|---|---|---|---|---|
| भारत तथा पाकिस्तानको लागि | १० | | | १० |
| चिट्ठी हुलाकपत्र वैदेशिक सतह | प्रत्येक | | | |
| डांक अनुसार हुनेछ | आधा औंसको | | | |

| तौल | प्रत्येक | आधा | औंस | दर पैसा |
|---|---|---|---|---|

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| **द्वितीय क्षेत्र** | | | | |
| अफगानिस्तान, बर्मा, सिलोनः– | ६५ | ३५ | ४५ | ५५ |
| **तृतीय क्षेत्र (उपर्युक्त बाहेक एशिया महाद्वीप र इजिप्ट)** | | | | |
| चीन, अडेन, ब्रुनी, कम्बोडिया, यू. ए. आर. (मिश्र), हङ्गकङ्ग, इण्डोनेशिया, इरान, इराक, इजरायल, जापान, (रूइक्यूआइ-ल्याण्डसमेत ) जोर्डन, कोरिया, कुवैत, लाओस, लेवनान, मकायो, मलाया, मङ्गोलिया, नर्थ बोर्नियो, पर्सियन गल्फ (बृटिश पोष्टल एजेन्सी) फिलिपाइन्स, पोर्चुगीज, टिमोर सारावाक, साउदी अरेबिया, सिंगापुर, सिरिया, थाइल्याण्ड, टर्की, यू. एस. एस. आर. (एशियामा पर्ने भाग) भियतनाम, यमन | १२० | ६० | ७० | १०० |
| **चतुर्थ क्षेत्र (अफ्रिका र यूरोप)** | | | | |
| अल्बानिया, अल्जेरिया, असेन्सन, अष्ट्रिया, बलरिआइल्याण्ड, बेचुवाना, लाएण्ड प्रोटेक्टोरेट, बेल्जीयम, कङ्गो बृटिश, इष्ट–अफ्रिका, बुलगेरिया, क्यामरून्स, केम मर्ड, आइल्याण्ड, साइप्रस, चेकोश्लोभाकिया, दहोमे डेनमार्क, इथियोपिया, फिन्ल्याण्ड, फ्रान्स, फ्रेञ्चगिनी फ्रेञ्च इक्वेटारियल अफ्रिका, फ्रेञ्च सोमाली-कोष्ट ग्याम्बिया, जर्मनी (डिमोक्रटिक, रिपब्लिक) जर्मनी, (फेडरल रिपब्लिक) घाना, जिब्राल्टर, ग्रेट ब्रिटेन र नर्थ आयर-ल्याण्ड, (ग्रीस) हंगेरी, आइस ल्याण्ड, आयर ल्याण्ड, इटाली, आइभरीकोष्ट, लाइबेरिया, लिबिया, लिचटेष्टीन, लक्जेम्वर्ग, माल्टा, मोरटेनिया, मारिसस, मोनाको, मोरक्को, निदरल्याण्ड, नाइजर, नाइजेरिया, नर्वे, पोल्याण्ड,पोर्तुगल, पोर्तुगिज, इष्ट अ-फ्रिका, पोर्तुगिज वेष्ट अफ्रिका रिन्यूनियम, रोडेसिया, न्यासाल्याण्ड, रूमानिया, सेन्ट हेलेना, सेन्ट मरिनो, सेनेगल, सिसली, सिरलोन, सोमालिया, सोमालील्याण्ड (प्रोटक्टोरेट), साउथ अफ्रिका, साउथ वेष्ट अफ्रिका, स्पेन, स्पेनीस गिनी, स्पेनस वेष्ट अफ्रिका, स्वेडेन, स्वीजरल्याण्ड, टोगो, टिष्टान्डिकोनाहा, टिउनिशिया, यू. एस. एस. आर., (यूरोपमा पर्ने भाग), अपर भोल्टा, म्याटिकन सिटी,युगो–स्लाभिया, जञ्जिवार, मध्य अफ्रिका, साद गणतन्त्रराज्य गेवेन गण–तन्त्र, कङ्गो गणतन्त्र, मडागास्कर, विलोरसिया, फेरो र कोर्मोस आइल्याण्ड, वसुताल्याण्ड, स्वाजिल्याण्ड, गिनी, (गणतन्त्र), माली गणतन्त्र, अर्को समदियर, र अंगोला, पोर्तुगीज, गिनी, सेन्ट थोमस र प्रिन्स, सुडान, युक्रेन, भर्जिन आइल्याण्ड, (यू. के.) | १६० | ७५ | ८० | ११० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चम क्षेत्र (अष्ट्रेलिया र ओसोनिया)

अष्ट्रेलिया, क्यारोलिन आइल्याण्ड, कुक आइल्याण्ड, हारवै र फाइनिङ आइल्याण्ड, फिजि आइल्याण्ड, फ्रेञ्च, सेटलमेण्ट इन ओसेनिया, गिल्वेर्ट र एलिसिज आइल्याण्ड, म्यारियन आइ-ल्याण्ड, मार्शल आइल्याण्ड, नोरू आइल्याण्ड, न्यूक्यालेडोनो, न्यू-गिनी टेरीटोरी, न्यूहेब्रिज, न्यूजिल्याण्ड, नार्फोक आइल्याण्ड, पपुवा, पिटक्यार्न आइल्याण्ड, समुवा, सलोमोन आइल्याण्ड, टोंगो, क्रिशमश आइल्याण्ड, फ्रेञ्च पोलिनिज २२० ८५ १०० १२०

षष्टम क्षेत्र (उत्तरी, दक्षिणी र मध्य अमेरिका)

अलास्का, अर्जेन्टाइना, बंहामा आइल्याण्ड, वारवडोश, वरमुडा, बोलिभिया, ब्राजिल, बृटिशगायना, बृटिश होण्डुराश, क्यानाडा, केमेन आइल्याण्ड, चिली, कोलम्बिया, कोष्टारिका, क्यूबा, डोमि-निका, डोमिनिक्यान (रिपब्लिक) इक्वेडोर, एलसालमाडोर, फोक आइल्याण्ड, फ्रेञ्च वेष्ट इण्डीज, ग्रेनेडा ग्वाटेमाला, फ्रेञ्चगाइना, हैटी, हवाई, हन्डुरास (रिपब्लिक), जमाइका, लिवार्ड आइ-ल्याण्ड, मेक्सिको, निदरल्याण्ड, अन्टानिस, किनारगुवा, पानामा, (गणतन्त्र) पानामा क्यानाल जोन, पारागुए, पेरू, पोर्टिरिको, सेन्ट लुसिया, सेन्टपाइरेर, मिकेलन, सेन्ट भिन्सेन्ट, सुरिनाम टरटोला, त्रिनिडाड र टोवागो, टर्कस र क्याकसे आइल्याण्ड, यू. एस. ए., उरूउगुवे, भेनेजुयला, भरजियन आइल्याण्ड, (यू. एस. ए.) गोआम, मार्टिनिक सेन्ट क्रिष्टफ, नेमिस र एँगुला, मोन्टसेरात, गोडलप —— —— —— —— २९५ १२० १३० १५०

आज्ञाले–
रामबहादुर रावल,
श्री ५ को सरकारको सह–सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।